# अन्तिम लेखापरीक्षण प्रतिवेदन

राप्ती नगरपालिका, चितवन

## आर्थिक वर्ष २०७६/७७

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)


पत्र संख्याः २०७८/७९ | मितिः २०७८।५।४
च.नं २०९

श्री नगर प्रमुखज्यू,
राप्ती नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
चितवन ।

**विषयः- लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक


[illegible]58174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
[illegible] aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

[illegible] विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा लिएको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

२०७७ भाद्र ४ गते

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः२०७८।०७९ (वागमती तथा गण्डकी महानिर्देशनालय) मितिः २०७८।५।४
च.नं. २६५

श्री नगर प्रमूखज्यू,
राप्ती नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, चितवन ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**कैफियत सहितको रायः** हामीले राप्ती नगरपालिकाको २०७६।०७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय–व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय विवरण तयार गरेता पनि समग्र आर्थिक कारोवार समेटेको छैन ।

२. लेखापरीक्षणबाट रु.१ करोड ३९ लाख ८५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४ लाख ८५ हजार, नियमित गर्नुपर्ने रु. ३३ लाख ४४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ७६ लाख ६४ हजार र पेश्की रु. २४ लाख ९२ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७७।११।१२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना २६ (छव्वीस) पत्रसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहबाट हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको कममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायीअधिकारीको जिम्मेवारी** :- आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । कार्यकारिणी, पालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको सुपरीवेक्षणका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** :- वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
नायबमहालेखापरीक्षक

# लेखापरीक्षणको अन्तिम प्रतिवेदन

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह - अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १३ वडा, ६९ जना नगरसभा सदस्य, ११२.०४ वर्ग किलोमिटर क्षेत्रफल तथा जनसंख्या ५८,१०७ रहेको छ ।

**स्थानीय सञ्चितकोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७६/७७ को कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छः

| विवरण | टिप्पणी | यस वर्षको रु. (हजारमा) | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ती/भुक्तानी | बस्तुगत /सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ८४१७३६७२३.६४ | ७९६०४९५७२.९४ | २३०००००० | ८१९०४९५७२.९४ |
| **क प्राप्ती (संचितकोषमा आम्दानी बाँधिने)** | | **८१४२००९३०** | **७५८३७५४०२.३०** | **२३००००००** | **७८१२७५४०२.३०** |
| ११००० कर | ११ | १६७५०५००० | १३३५८०१७५.६४ | ० | १३३५८०१७५.६४ |
| १३००० अनुदान | | ५९४६९५९३० | ५५०५९५९३० | २३०००००० | ५७३५९५९३० |
| संघीय सरकार | १२ | ५३३२१४९३० | ५०७६१४९३० | २३०००००० | ५३०६१४९३० |
| प्रदेश सरकार | १२ | २७३८१००० | २७३८१००० | ० | २७३८१००० |
| [illegible] श्रोत | १२ | ३४१००००० | १५६००००० | ० | १५६००००० |
| १४००० अन्य राजस्व | | ५२०००००० | ७४१९९२९६.६६ | ० | ७४१९९२९६.६६ |
| **ख अन्य प्राप्ती** | | **२७५३४७९३.६४** | **३७६७४१७०.६४** | | **३७६७४१७०.६४** |
| [illegible] गर्न बाँकी राजस्व | | ० | ० | ० | ० |
| [illegible] | | ११७४५७९३.६४ | ११७४५७९३.६४ | ० | ११७४५७९३.६४ |
| [illegible] | | ० | १५३१०४२७ | ० | १५३१०४२७ |
| [illegible] [illegible] सरकार वा अन्य कार्यक्रम | | १५७९०००० | १०६१७९५० | ० | १०६१७९५० |
| **भुक्तानी (ग+घ)** | | **१०१७६६२२३४.१६** | **७३३५९२५००.९७** | **२३००००००** | **७५६५९२५००.९७** |
| **ग भुक्तानी (संचित कोषबाट )** | | **९९०१२६४४०.५२** | **६९८४९८३६३.९७** | **२३००००००** | **७२१४९८३६३.९७** |
| [illegible] पारिश्रमिक/सुविधा | १८ | २५८३०७३७० | २२०३६६०३८.४७ | ० | २२०३६६०३८.४७ |
| [illegible] मालसामान तथा सेवाको उपयोग | १८ | १३०९०१६३० | ८८७७८०८२ | ० | ८८७७८०८२ |
| [illegible] सहायता | १८ | २२२६२००० | २१२०८२३७ | ० | २१२०८२३७ |
| [illegible] अनुदान | १८ | २५०८२००० | २५४७१९७४ | ० | २५४७१९७४ |
| [illegible] सामाजिक सुरक्षा | १८ | २८२३४००० | २०६४४७७९ | ० | २०६४४७७९ |
| [illegible] अन्य खर्च | १८ | १६१३६००० | ८५०७२४६ | ० | ८५०७२४६ |
| [illegible] गैर वित्तीय सम्पती/पूँजिगत खर्च | १८ | ४९९११३४४०.५२ | ३१३५२२००७.५० | २३०००००० | ३३६५२२००७.५० |
| **घ अन्य भुक्तानी** | | **२७५३५७९३.६४** | **३५०९४१३७** | | **३५०९४१३७** |
| [illegible] | | ११७४५७९३.६४ | ४३६५१८७ | ० | ४३६५१८७ |
| [illegible] | | ० | २०१११००० | ० | २०१११००० |
| [illegible] सरकार वा अन्य कार्यक्रम | | १५७९०००० | १०६१७९५० | ० | १०६१७९५० |
| **[illegible] (न्यून)** | | **(१७५९२५५१०.५२)** | **६२४५७०७१.९७** | | **६२४५७०७१.९७** |
| **[illegible] जिम्मेवारी रकम (अ.ल्या)** | | | **१८९४०४५९३.३५** | | **१८९४०४५९३.३५** |
| **[illegible] (ङ+च)** | | **(१७५९२५५१०.५२)** | **२५१८६१६६५.३२** | | **२५१८६१६६५.३२** |
| | | | | | |
| [illegible] बाँकी | २४ | | २५१८७१६६५.३२ | | २५१८७१६६५.३२ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | **वित्तिय विवरण** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राख्नुपर्दछ ।एकिकृत आय व्यय विवरण अनुसार गत वर्षको मौज्दात रु. १९ करोड ४९ लाख ७७ हजार समेत कुल आय १ अर्व १४ करोड ८९ लाख ११ हजार र कुल खर्च ९७ करोड ०४ लाख ५४ हजार रहेको देखिन्छ | |
| २. | **स्वीकृत ढाँचा** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि सबै आर्थिक कारोबारलाई समेट्न सकेको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् । | |
| २.१. | **जिम्मेवारी** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.१९ करोड ९४ लाख ७७ हजार मौज्दात कायम भएकोमा स्थानीय संचित कोष व्यवस्थापन प्रणाली वित्तिय प्रतिवेदन अनुसार यो बर्षको शुरुमा रु.१८ करोड ९४ लाख ४ हजार जिम्मेवारी सरेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.५५ लाख ७२ हजार घटी जिम्मेवारी सरेको देखिएको छ । | |
| २.२. | संचित कोष व्यवस्थापन प्रणाली प्रतिवेदनले यस वर्षको आय रु.८१ करोड ९० लाख ४९ हजार र गत वर्षको मौज्दात रु.१८ करोड ९४ लाख ४ हजार समेत जम्मा रु.१ अर्ब ४ लाख ५४ हजार र कुल भुक्तानी रु. ७५ करोड ६५ लाख ९२ हजार देखाएकोले बचत रु.२५ करोड १८ लाख ६१ हजार देखिन्छ । | |
| २.३. | **एकिकृत आय-** आयव्यय विवरण अनुसार यस वर्षको आय ९५ करोड ३९ लाख ३४ हजार र गत वर्षको मौज्दात रु. १९ करोड ४९ लाख ७७ हजार समेत जम्मा आय रु. १ अर्ब १४ करोड ८९ लाख ११ हजार देखिएकोमा म.ले.प.फा.नं.२७२ प्रतिवेदनले रु.१ अर्ब ८४ लाख ५४ हजार देखाई रु. १४ करोड ४ लाख हजार ५७ हजार न्यून लेखाङ्कन गरेको देखिन्छ । त्यस्तै खर्च तर्फ रु. ९७ करोड ०४ लाख ५५ हजार देखाएको मा म.ले.प . फा. नं. २७२ प्रतिवेदनले रु.७५ करोड ६५ लाख ९२ हजार खर्च देखिएकोले २१ करोड ३८ लाख ६३ हजार खर्च न्यून लेखाङ्कन भएको छ । | |
| २.४. | स्वीकृत म.ले.प.फा.नं. २७२ अनुसार मौज्दात रु.२५ करोड १८ लाख ७१ हजार देखाएकोमा एकिकृत आय-व्यय विवरण अनुसार रु.१७ करोड ८४ लाख ५७ हजार मौज्दात देखिएकोमा कारण स्पष्ट गरेको छैन। | |
| २.५. | नगरपालिकाले स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) ले देखाएको आय-व्यय र समग्र एकिकृत आय-व्यय विचको फरक सम्बन्धमा कारण र आधार सहित खुलासा गरेको छैन । | |
| २.६. | **बैंक हिसाब मिलानः** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा नगरपालिकाको बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्दछ । | |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३. | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>• नगरपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खाता, पुँजीगत खर्च खातामा मौज्दात रहेको पाईयो ।<br>• नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी नगरपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको पाइएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन ।<br>• कुनै रकम रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार नगरपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता | |

| दफा | भौ.नं., मिति र व्यहोरा | वेरुजू रकम |
|---|---|---|
| | प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकाशं पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।<br>• नगरपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक स्थायी प्राविधिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्ने अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस नगरपालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| | **बजेट तथा कार्यक्रम** | |
| ४. | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले २०७६/३/१० मा निति तथा कार्यक्रम र बजेट पेश भई रु.६८ करोड ५५ लाख को बजेट पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६/५/२८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५. | **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र नगरपालिकाबाट सञ्चालित योजनाबीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन । यस वर्ष नगरसभाबाट स्वीकृत भई बजेट विनियोजन भएका कतिपय योजनामा प्रदेश तथा केन्द्रीय वजेटवाट र कतिपय कार्यक्रममा नगरकार्यपालिकावाट समेत थप बजेट छुट्याएको देखिएबाट योजनामा दोहोरो बजेट परेको अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रुपमा बजेट राखी सञ्चालन नगरी एकै ठाउँबाट सञ्चालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक हुन जरुरी देखिएको छ । | |
| ६. | **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य | |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | नगरपालिका | ८६२६०४८६८ | २२३३०६४३९ | २१०४२२५७४ | ४२८८७५८५४ | २६८३१२२४६.९ |
| | खर्च प्रतिशत | १०० | २५.८८ | २४.३९ | ४९.७१ | ३१.१० |

७. **बोलपत्रमा सहभागिता र लागत कबोल अङ्कः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६२ मा निर्माण कार्य गर्दा कार्यालय तथा बोलपत्रदाताले स्वच्छ प्रतिस्पर्धाको वातावरण सिर्जना गरी काम गर्नुपर्ने व्यवस्था छ । निम्नानुसार विभिन्न ६ ठेक्काको कुल लागत ३ करोड ३१ लाख ९३ हजार रहेकोमा ३ करोड ३१ लाख ६७ हजार अर्थात लागत अनुमान कै हाराहारीमा ठेक्का सम्झौता भएको अवस्थाले स्वच्छ प्रतिस्पर्धा भएकोमा विश्वस्त हुन सक्ने अवस्था देखिएन । कार्यालयले विद्युतीय माध्यमबाट बोलपत्रमा सहभागीता जनाउन सक्ने व्यवस्था गर्दा समेत बोलपत्रदाताबाट स्वच्छ प्रतिस्पर्धा भएको देखिएन ।

| क्र.स | कार्यक्रमको नाम | लागत अनुमान | स्वीकृत रकम | ल.ई भन्दा घटी% |
|---|---|---|---|---|
| १. | वडा नं.४ स्वा.चौकी भवन निर्माण | १०७५१३०.५२ | १०७३९००.०५ | ०.११ |
| २. | वडा नं.९ स्वा.चौकी भवन निर्माण | १०७५१३०.५२ | १०७३५४७.४९ | ०.१४ |
| ३. | वडा नं.३ स्वा.चौकी भवन निर्माण | १०७५१३०.५२ | १०७३९००.०५ | ०.११ |
| ४. | वडा नं.११ स्वा.चौकी भवन निर्माण | १०७५१३०.५२ | १०७३५४७.४९ | ०.११ |
| ५. | वडा नं.४ बगरटोल बाटो | ४७१०७६१.०६ | ४६८९९८९ | ०.४४ |
| ६. | लोथर खोलाबाट नदिजन्य सामाग्री | २४१८२५८०.८२ | २४१८२५८०.८२ | ० |
| **जम्मा** | | **३३१९३८६३.९६** | **३३१६७४६४.९** | |

८. **योजना छनौट र संचालनः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राभमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतीका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । नगरपालिकाको विनियोजन ऐन बमोजिम स्वीकृत भएका ३३५ योजनाहरु मध्ये ५५ बटा योजना ५० हजार देखि १ लाख सम्मका, १९९ वटा योजना १ लाख देखि ५ लाख सम्मका समेत गरी २५४ वटा योजना ५ लाख भन्दा कम बजेटका संचालन भएको देखियो । तसर्थ नगरपालिकाले छनौट गरेको योजना मध्ये अधिकाशं योजना कम लागतका रहेको देखिएको छ । नगरपालिकाले साना तथा टुक्रे योजना संचालन गरेकोले ऐनको दफा २४ अनुसार प्राथमिकिकरण गरेको पाइएन । नगरपालिकाले मध्यम तथा दिर्धकालिन योजना छनौट तथा प्राथमिकिकरण गरी सहभागितामूलक, उत्पादनमूलक, दीगो र प्रतिफल प्राप्त गर्ने गरी योजना संचालन हुनु पर्दछ ।

९. **क्षेत्रगत बजेट** नगरपालिकाको क्षेत्रगत बजेट खर्च स्थिति निम्नानुसार देखिएकोले समग्रमा ७३.०३ प्रतिशत मात्र प्रगति रहेको छ ।

| क्षेत्र | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ५७१५४००० | ४३७०२२५८ | ७६.४६ |
| पूर्वाधार विकास | ४१९४४८९२०.५२ | २९३३२१९७५.५० | ६९.९३ |
| सामाजिक विकास | ४०५११०७४० | ३२२८२१६५८.६७ | ७९.६८ |
| वातावरण तथा विपद् व्यवस्थापन | ७३०७८६१ | ३८९५२०८ | ५३.३० |
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १३५९४८५७३.६४ | ८४८६८७०८.८ | ६२.४२ |
| जम्मा | १०२४९७००९५.१६ | ७४८६०९८०८.९७ | ७३.०३ |

| भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|
| | |

**योजना संचालन** :- नगरपालिकाले पेश गरेको त्रिवर्षिय प्रगति प्रतिवेदन अनुसार आ.व २०७६/७७ को वार्षिक प्रगति स्थिति निम्नानुसार छ । कार्य प्रकृति र जनसहभागिताको स्तरलाई मध्यनजर गरी प्रतिस्पर्धात्मक किसिमले योजना संचालन गर्ने एवं तोकिएको लक्ष्य हासिल गर्नुपर्दछ ।

| वार्षिक योजना | यो वर्ष कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शुन्य प्रगति कार्यक्रम | २५% सम्म प्रगति भएको कार्यक्रम | ५०% सम्म प्रगति भएका कार्यक्रम | ७५%सम्म प्रगति कार्यक्रम |
| [illegible] | ३२ | ० | ७ | ५ | २० |
| कुल कार्यक्रम संख्या | ८५६ | ० | १०७ | २४६ | ५०३ |
| सम्पन्न कार्यक्रम संख्या | ८८८ | ० | ११४ | २५१ | ५२३ |
| जम्मा | | | | | |

**लक्ष्य प्रगति** :- नगरपालिकाले यसवर्ष ८८८ योजना संचालन गरेको प्रगति पेश गरेको छ सो मध्ये ११४ वटा योजनामा २५ प्रतिशत, २५१ वटा योजनामा ५० प्रतिशत र ५२३ वटा योजनाको ७५ प्रतिशत प्रगति भएको पाइयो । नगरपालिकाले सञ्चालन गरेका योजनाको किसिम, योजना संख्या, उक्त योजनाहरुको लागत अनुमान आर्थिक वर्षभित्र सम्पन्न कामको मूल्याङ्कन स्थिति एवं सम्पन्न अवस्था र चालु अवस्था सम्बन्धी विवरण पेश नगरेकोले योजनागत प्रगति सम्बन्धी विश्लेषण गर्न सकिएन । अतः सम्झौता भएका योजनाको किसिम, संख्या, लागत अनुमान, सञ्चालित योजना संख्या, सम्झौता रकम, सम्पन्न संख्या, सम्पन्न रकम, सञ्चालन हुन नसकेका योजना र सञ्चालन हुन नसकेका योजनाको बजेट रकम सम्बन्धी विवरण अद्यावधिक गरी योजना सञ्चालन प्रक्रिया पारदर्शी बनाउनु पर्दछ ।

**सेवा प्रवाह** - नगरपालिकाले यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ ।

| सि.नं. | विवरण | प्राप्त |
|---|---|---|
| १. | घरबाटो सिफारिस | १५२० |
| २. | नागरिकता सिफारिस | १८८७ |
| ३. | अन्य सिफारिस | १२३०० |
| ४. | सडक पिसिसि ढलान तथा नाला निर्माण (कि.मि) | २.०७ |
| ५. | सडक मर्मत संभार (कि.मि) | ३१.१७ |
| ६. | नयाँ ट्रयाक खोलिएको (कि.मि) | ६.२ |
| ७. | जन्म दर्ता | १६७८ |
| ८. | मृत्यु दर्ता | ३६५ |
| ९. | सम्वन्ध विच्छेद | ४४ |
| १०. | विवाह दर्ता | २२४ |
| ११. | बसाईसराई दर्ता | ७०२ |

## संगठन तथा कर्मचारी ब्यवस्थापन

**कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर नगरपालिकाले इन्जिनयर समुहका विभिन्न पदमा २५ जना कर्मचारीहरु करारमा राखेको देखिन्छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । नगरपालिकाले माथि उल्लेखित पद वाहेकको विभिन्न इन्जिनियर, सब इन्जिनियर, प्रशासनिक कर्मचारी, कम्प्युटर अपरेटर, अमिन, स्वास्थ्य कर्मचारी लगायत नियुक्ती गरी बर्षभरीमा रु.७३२१३९२/- खर्च लेखेको छ ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १३. | **उपदान कोष** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१.१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन को नियम ९१.२ अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ प्रचलनमा आए पनि हालसम्म पनि कार्यरत ८ जना स्थानीय स्थायी कर्मचारीको तलब भत्तामा १० प्रतिशत कट्टी गरी १० प्रतिशत थप गरी जम्मा रकम अवकास कोषमा जम्मा गरेको देखिएन। विभिन्न पदमा कार्यरत ८ कर्मचारीको उल्लेखित ऐन अनुसार २०७४ कार्तिक देखि २०७७ आषाढसम्म ३२ महिनाको तलव भत्ता १० प्रतिशतले रु. ६४४२२०.८० कट्टी गर्नुपर्ने देखिएको छ । स्थानीय सेवा ऐन तर्जुमा नभैसकेको , साविक स्थानीय तहबाट समायोजन भएका कर्मचारीहरुको सेवा शर्त सम्वन्धी स्पष्ट कानूनी व्यवस्था नभएको कारण कट्टी गर्न नसकिएको छलफलमा जानकारी प्राप्त भएको छ । | |
| १३.१. | नगरपालिकाले यस वर्ष वित्तिय समानिकरणबाट कर्मचारी कल्याण कोषमा एकमुष्ट रु.२५०००००।— ट्रान्सफर गरेको छ । कर्मचारीबाट कट्टा गरी अवकास कोषमा दाखिला गर्नुपर्ने रकम दाखिला गरेको छैन । ८ जना उपदानमा जाने कर्मचारीको १० प्रतिशतका दरले हुने रु.२४१५८२।८० र थप रु. २४१५८२।८० गरी जम्मा रु.४८३१६४.०० मात्र ट्रान्सफर गर्नुपर्नेमा रु.१७१६८३६।— बढी ट्रान्सफर गरेको छ । | |
| १४. | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । नगरपालिकाले पेश गरेको विवरण अनुसार स्वीकृत दरबन्दी र पदपुर्तिको अवस्था निम्नानुसार रहेको छ । | |

| विवरण | स्वीकृत दरबन्दी | पदपुर्ती | | | रिक्त |
|---|---|---|---|---|---|
| | | स्थायी | करार | जम्मा | |
| नगरपालिका | २९ | १९ | ० | १९ | १० |
| वडा तर्फ | २६ | २० | ३ | २३ | ३ |
| सेवा करार | ३२ | ० | ३० | ३० | २ |
| | ८७ | ३९ | ३३ | ७२ | १५ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १४. | नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित स्थायी तर्फ १९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जिनयर र सब इन्जिनियर पदहरु करारबाट पदपुर्ति भएको देखिन्छ | |
| | • **कानून निर्माण एवं कार्यान्वयन** | |
| १५. | **कानून र सञ्चालन स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४६ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हालसम्म ८ वटा ऐन, २ वटा नियमावली, वटा ३२ वटा कार्यविधि, ४२ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । उक्त कानूनहरु प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनु पर्दछ । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १६. | **न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी र यो बर्ष थप भएको गरी कुल ३७ विवाद दर्ता भएकोमा २६ वटा फछ्यौट र ४ मुद्दा अन्य निकायमा सिफारिस भई ७ विवाद बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १७. | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गर्ने कार्य चौमासिक रुपमा गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १८. | **विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले यस वर्ष खाना तथा विविध तर्फ रु.३२२७६२०/-खर्च गरेको छ । | |
| १९. | **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर नगरपालिकाले यस वर्ष रु.५०००००।- आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा कार्यविधि बनाई नियन्त्रण गर्नुपर्दछ । | |
| २०. | **जिन्सी व्यवस्थापनः** नगरपालिकाले आर्थिक कार्यविधि ऐन तथा नियमावली छुट्टै तयार गरी लागू गरेको छैन ।प्रदेश आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद-६मा सरकारी सम्पत्तिको जिम्मा त्यसको लगत संरक्षण र बर बुझारथ सम्बन्धी व्यवस्था र परिच्छेद-९ मा लिलाम बिक्री सम्बन्धी व्यवस्था रहेको छ ।नगरपालिकाले जिन्सी निरीक्षण गराई मिति २०७७/७/१९ मा प्रतिवेदन तयार गरेकोमा निरीक्षण प्रतिवेदनमा उल्लेख भएका लिलाम गर्नुपर्ने, मिन्हा गर्नुपर्ने, मर्मत गर्नुपर्ने जिन्सी फरफारक गरी मात्र रमाना दिने समानको बर्गिकरण बैज्ञानिक बनाउने लगायतका सुझावहरु कार्यान्वयन गरी जिन्सी व्यवस्थापन प्रभावकारी बनाउनु पर्दछ । | |
| | **कर दस्तुर एवं आन्तरिक आय** | |
| २१. | **आन्तरिक स्रोतको संङ्कलनः** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउने तथा असुल गर्नसक्ने व्यवस्था रहेको छ । जस अनुसार नगरपालिकाले यस वर्ष विभिन्न शिर्षकमा रु. **२०५८५४५३४.९४** आम्दानी गरेको देखिन्छ । | |

रु.हजारमा

| शिर्षक | २०७६/०७७ | |
|---|---|---|
| | लक्ष्य | असुली |
| एकीकर्त सम्पत्ती कर | ७०००००० | ५६६६९६८ |
| भुमिकर/मालपोत | २००००० | ० |
| बाँडफाँड भई प्राप्त हुने मुल्य अभिवृद्धि कर | १२१५००००० | ९५०१९३७३.४१ |
| सवारी साधन कर (साना सवारी) | ५००००० | ० |
| बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ३८००५००० | ३२१०४८७९.९८ |
| अन्य कर | ३००००० | ७८८९५४.२५ |
| अन्य विक्रिबाट प्राप्त रकम | २०००००० | १३८३८८४९ |
| अन्य प्रशासनिक शुल्क | २५००००० | ११९०८३४.३६ |
| नक्सापास दस्तुर | २५००००० | ११९०८३४.३६ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | बेरुजू रकम |
|---|---|---|---|---|
| | सिफारिस दस्तुर | ४०००००० | ३१२७३७७.२८ | |
| | व्यक्तिगत घटना दर्ता दस्तुर | २००००० | ११२२५० | |
| | प्रशासनिक दण्ड जरिवाना जफत | ३००००० | १२८२०० | |
| | अन्य राजश्व | ४०००००००० | ५२६८६०१४.३० | |
| | जम्मा | २१९००५००० | २०५८५४५३४.९४ | |
| २१.१. | लक्ष्यको तुलनामा ९२ प्रतिशत प्रगति हासिल गरेता पनि केही शिर्षकमा आय प्राप्त भएको देखिनए । साथै बाँडफाँड भै प्राप्त भएको आय (मु.अ.कर र सवारी साधन कर) घटाउँदा नगरपालिकाले आफ्नै श्रोतबाट संकलित आय न्यून देखिएकोले आयवृद्धि तर्फ ध्यान दिनुपर्ने देखियो । | | | |
| २२. | **व्यवसाय करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउन सक्ने व्यवस्था रहेको छ तर व्यवसाय कर असुल गरेको देखिएन । | | | |
| २३. | **राजश्व अभिलेखः** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा तथा प्रदेश नं. ३ को आर्थिक ऐन २०७४ को दफा २(झ) मा वित्तिय विवरण सम्वन्धी आवस्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने हुन आएको राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्पुटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं २१३ को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ । | | | |
| २४. | **राजश्व परामर्श समितिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ । उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवस्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवस्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतकव विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र लगायतका कार्यहरु तोकिएको छ । राजश्व परामर्श समितिले यस आ.व.मा विभिन्न मितिमा १२ पटक बैठक बसेको भएतापनि नितिगत छलफल गर्नु बाहेक कुनै बास्तविक तथ्यको विश्लेषण गरेको पाइएन । अत नियमानुसार आफ्नो कार्य पुरा गर्नुपर्दछ । | | | |
| २५. | **सवारी साधन तथा विज्ञापन करः** स्थानीय सरकार संचालन ऐन २०७४ मा सवारी साधन कर तथा विज्ञापन कर सम्वन्धी अनुसुची ६ का दरले कर लगाई सवारी साधन कर तथा विज्ञपन कर असुल गरिने व्यवस्था रहेको छ। उक्त शिर्षकमा हालसम्म पनि राजश्व उठाउन कुनै ठोस पहल गरेको पाइएन । जसको फलस्वरुप नगरपालिकालाई उक्त शिर्षकमा राजश्व उठ्ने सम्भावना भएतापनि राजश्व उठाउन पहल भएको छैन। अत करको दरलाई बस्तुविष्ठ बनाइ सवै पक्षलाई करको दायरा ल्याउन कर सचेतना कार्यक्रम तयार गर्नुपर्दछ । | | | |
| २६. | **कम इष्टिमेटः** लोथर खोला बाट ढुङ्गा तथा गिठ्ठी को लागी लागत इष्टिमेट तयार गरी ठेक्का प्रकृया अगाडि बढाउने क्रममा उक्त खोला बाट आइ.ई.ई प्रतिबेदन अनुसार प्राप्त हुनसक्ने कुल परिमाण मध्ये ६७५०० घ.मी. को रु. ९ प्रति घन फिट आधारमा लागत इष्टिमेट तयार गर्दा रु. २१४५०८२५.०० हुनुपर्नेमा रु. २१४००००००.०० मात्रको लागत इष्टिमेट तयार गरी खरिद प्रकृयामा जादा एक मात्र कवोलकर्ता HIGHWAY CONSTRACTION PVT LTD बुधोस ४ नुवाकोट ले रु.२१४००५१४ मा कवोल गरी नियमानुसार सारभुत भइ खरिद सम्झौता सम्पन्न गरि उक्त खोलाबाट नदिजन्य पदार्थ उत्खन्न गरेको छ। यसरि प्राविधिकको त्रुटिको कारण कम इष्टिमेट भइ रु. ५०३११.०० राजश्व कम प्राप्त भएको छ । | | | ५०३११.०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २७. | **अनुगमन** रासी नगरपालिकाको कार्यालय र हाइवे कन्स्ट्रक्सन प्रा.लि. तारकेश्वर ४ नुवाकोट सँग मिति २०७६.०८.०९ मा सम्झौता भएको मिति देखि जेष्ठ मसान्त सम्म तोकिएको परिमाणमा नदिजन्य पदार्थ उत्खन्न गर्न रु २१४००५१४.०० बुझाउने गरी सम्झौता भएको छ । सोहि सम्झौता अनुसार सम्वन्धित कन्ट्रक्सन प्रा.लि. ले आवश्यक रसिद कम्पनीले छपाई गरी प्रथम पक्षलाई पेश गर्ने र प्रथम पक्षले आवश्यक दर्ता गरी छाप लगाई दोस्रो पक्ष लाई उपलव्ध गराई सोहि अनुसार रसिद प्रयोग गर्ने र अर्को महिनाको ७ गते सम्म उत्खन्न गरेको गरेको नदिजन्य पदार्थको परिमाण र कट्टी गरेको रसिदको विवरण सहित प्रतिवेदन पेश गर्नु उल्लेख गरेको छ । सम्झौता अनुसार उक्त कम्पनीले प्रतिवेदन पेश गरेको लेखापरीक्षण गर्ने समयसम्म देखिएन । नगरपालिकाले उक्त नदिबाट तोकिए बमोजिमको मात्रामा मात्र नदिजन्य प्रदार्थ उत्खन्नन लागि नियन्त्रण को कार्य गरेको देखिएन । साथै हाइवे कन्स्ट्रक्सनले नदिजन्य पदार्थको निकासी कारोबारको प्रतिवेदन सम्वन्धित कार्यालयमा पेश नगरेको कारण उक्त कम्पनीले मूल्य अभिबृद्धि कर कति बुझाउनु पर्ने साथै बुझाए नबुझाएको एकिन गर्न सकिएन । | |
| २७.१. | **बिलम्ब शुल्कः** ठेक्का नं.१/२०७६/७७ को लोथर नदीमा ढुंगा, बालुवा, गिट्टी, ग्राभेल उत्खननका लागि रासी नगरपालिका र हाइवे कन्स्ट्रक्सन प्रा.लि बुधोश-४ नुवाकोट बिच रु.२१४००५१४ कबोल गरी मिति २०७६/८/९ मा सम्झौता भएको छ । सम्झौता अनुसार कुल कबोल अंको ५० प्रतिशत नगदै बैंक दाखिला गरेको भौचर सम्झौता गर्दाको बखत पेश गर्ने र बाँकी ५० प्रतिशत (१०७००२५७) २०७६ चैत्र मसान्त भित्र भुक्तानी गरिसक्नुपर्ने उल्लेख छ । सम्बन्धित पक्षले तोकिएको समय भित्र बाँकी रकम दाखिला नगरी २०७७ श्रावण १० गते दाखिला गरेको छ । सम्झौता अनुसार बन्दाबन्दीको समय अवधिमा पनि नदिजन्य पदार्थ लोथर खोलाबाट नियमित रुपमा उत्खनन गरेतापनि समयमा बक्यौता रकम दाखिला गरेको छैन । अतः नियमानुसार ढिला गरी बुझाएको राजश्वको बिलम्ब शुल्क असुल गरी दाखिला गर्नुपर्ने रु. | ३२१००० |
| २८. | **रसिद प्रयोग** कार्यालय रसिदको अन्य ब्यक्तिबाट प्रयोग प्रदेश आर्थिक नियमावली २०७६ मा कार्यालयबाट प्रकाशित कागजात आधिकारिक ब्यक्ति भन्दा अन्य व्यक्तिले प्रयोग र परिचालन गर्न नहुने व्यव्था रहेको छ । नगरपालिकाले यस आ.व. मा राजश्व उठाउनको लागि नगद रसिद प्याड प्रत्येक वडाको जनप्रतिनिधीलाई बैधानिक सम्झौता वेगर अन्य तेस्रो पक्षलाइ उपलव्ध गराइ राजश्व उठाउने गरेको देखियो । जसको फलस्वरुप वडा नं. ९ मा नक्कली रसिद प्रयोग गरेको भनि अख्तियार आयोगमा मुद्दा समेत दर्ता भएको पाइयो । यस प्रकार नगरपालिकाले वडा मार्फत विभिन्न प्राकृतिक जन्य प्रदार्थ उत्खन्न गरी त्यसको बिक्री वितरणमा कर लगाइ राजश्व असुल गर्नको लागि वडा कार्यालयले विभिन्न ब्यक्तिलाई नगदी रसिद उपलव्ध गराएको पाइयो । अत कार्यालयले बैधानिक रुपमा निर्णय गरी कसलाइ के कामका लागी नगदी रसिद उपलव्ध गराउने हो सो कुराको निर्णय गराइ नगदी रसिद प्रयोग गरिनुपर्दछ । | |
| २९. | **बहाल करः** नगरपालिकाले यो बर्ष घर वहाल कर बापत आम्दानी गरेको देखिदैन। नगरपालिकाले वडा कार्यालयमा दर्ता भएका व्यवसायीहरूको समेत लगत राखी एकीकृत लगत तयार गरी राजस्व असुल गर्नुपर्नेमा सो बमोजिम सम्पूर्ण बहालमा लगाउने घरधनिहरूबाट कर रकम सङ्कलन हुने संयन्त्र विकास गरेको देखिएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र कर असुल गरेको छ । करको दायरा वृद्धि गरी राजस्व सङ्कलनलाई बढावा दिन वडा कार्यालयलाई प्रोत्साहन गरी निश्चित प्रतिशत रकम वडा क्षेत्रमा खर्च गर्ने अथवा वडाको सिफारिसमा योजना कार्यक्रममा खर्च गर्ने नीति अवलम्बन गरी राजस्व परिचालन वृद्धि गर्नेतर्फ कदम चाल्नु पर्ने देखिन्छ । | |
| ३०. | **राजश्व दाखिला** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९.३ मा दैनिक १० हजार रुपैयासम्मको नगदै बुझिलिई त्यस्तो राजस्व रकम दैनिक रुपमा राजस्व खातामा जम्मा गर्नुपर्नेछ र | |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | नगरद राजस्व आम्दानी बैङ्क दाखिला विवरणमा प्रविष्ट गर्नु पर्दछ । दैनिक रुपमा बैङ्क दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिनभित्र नै त्यस्तो नगद बैङ्क दाखिला गर्नु पर्नेछ भन्ने व्यवस्था गरेको छ । नगरपालिका मातहतका बडा कार्यालयले संकलन गरेको राजस्व नियमानुसार समयमै दाखिला गरेको पाइनएन । अत नियमानुसार समयमै राजस्व संकलन गर्नुपर्दछ । साथै वडा कार्यालयबाट प्रशासनिक सेवा उषलव्ध गराए वापत लाग्ने कर शुल्क दस्तुर नगर सभाले स्वीकृत गरेको दर अनुसार असुल गरी पारदर्शि हिसावले अधिलेख राख्नुपर्दछ । | |
| ३०.१. | माथि उल्लेखित कानून अनुसार संकलित राजस्व प्रत्येक दिन दाखिला गर्नुपर्ने व्यवस्था विपरित वडा नं ८ बाट राजस्व रकम रकम मिति २०७७.६.५ मा मात्र बैक दाखिला गरेको छ । अत नियमानुसार समयमै दाखिला गर्नुपर्ने सो गरेको पाइएन । | |
| | **उपभोक्ता समिति मार्फत कार्य** | |
| ३१. | **उपभोक्ता समितिः** नगरपालिकाले उपभोक्ता समितिबाट गराएका काममध्ये लेखापरीक्षणको क्रममा छनौट गरी परीक्षण गर्दा सार्बजनिक खरीद ऐन,२०६३ को दफा ४४ मा उल्लेख भएका विषय स्पष्ट नगरेको , सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ विपरित जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समिति मार्फत गराउने गरेको, योजनाको भुक्तानीमा संलग्न गरिएका अधिकांश विल भरपाई प्रमाणित नगरेको , विवरण पूर्ण रुपमा नभरिएको, सहि छाप नभएको अवस्था देखिएको छ ।तसर्थ विवरण राख्ने कार्यमा सुधार हुनुपर्दछ । | |
| ३२.१ | **निर्माण कार्यको अभिलेखः** नयाँ निर्माण वा मर्मत सम्भार गर्दा सो स्थान पहिचानको लागि चेनेज नं. सकेसम्म धेरैले चिन्न र देख्न सक्ने ठाउँ वा वस्तुको नाम उल्लेख गरी अनुगमन मूल्याङ्कन गर्न सहज हुने गरी राख्नुपर्ने देखिन्छ । तसर्थ निर्माण कार्यको अभिलेख एकीकृत गरी आर्थिक बर्ष, स्थान र अन्य आवश्यक विवरण समेत खुल्ने, दोहोरो भुक्तानी वा यथार्थ गरेको कामको परिमाण भन्दा बढी भुक्तानी भएको छैन भनी विश्वस्त हुने गरी अभिलेख राख्ने व्यवस्था हुन आवश्यक देखिन्छ । | |
| | **नगरपालिका पुँजिगत** | |
| ३२. | कृषि सहकारी संस्था लि. वडा नं.११ लाइ १६ वटा गाइ र गाइ पाल्नका लागि चाहिने आवश्यक पूर्वाधारका लागि रु.२१६९९७९ खर्च लेखेको छ । अनुदान रकमको उपयोगको सम्बन्धमा अनुगमन गरिनुपर्दछ । | |
| ३३. | **मु.अ.कर ५० प्रतिशत कट्टी गर्नुपर्नेः** आर्थिक विधेयक २०७६ले मुल्य अभिबृद्धि कर ऐन २०५२ मा गरेको संशोधनको व्यवस्था साथै मुल्य अभिबृद्धि कर नियमावली २०५३ मा भएको एक्काइसौं संशोधन अनुसार मुल्य अभिबृद्धि कर समेतको रकम भुक्तानी गर्दा ५० प्रतिशत मुल्य अभिबृद्धि कर वापतको रकम कार्यालयले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा निर्माण व्यवसायीलाई भुक्तानी हुने रकम को १३ प्रतिशत मुल्यअभिबृद्धि कर रकमको ६.५ प्रतिशतले हुने मु अ.कर.रकम कट्टा गरी भुक्तानी गर्नु पर्नेमा कट्टा नगरेको रु. | ८४२६८.८७ |

| ब.शि.नं. | भौ.नं. मिति | विवरण | आपूर्तिकर्ता | रकम | मु.अ.कर भुक्तानी |
|---|---|---|---|---|---|
| न.पा शिक्षा | २-०७६/९/१६ | मोटरसाइकल खरिद | कालिका मोटरसाइकल पार्टस | २७२९०० | ३१३९५.५८ |
| पशु तर्फ | ३-०७६/७/७ | | | २७०९०० | ३११६५.४९ |
| न.पा स्वास्थ्य | २-०७६/७/२७ | ल्यापटप | बि एण्ड बि ट्रेड सेन्टर | १०५११५० | १२०९६.९० |
| पशु तर्फ | २-०७६/७/७ | कम्प्युटर | सिजल कम्प्यूटर | ८३५४०.९० | ९६१०.९० |
| | | | | जम्मा | ८४२६८.८७ |

| | | |
|---|---|---|
| ३४. | **निर्माण ब्यवसायीबाट काम गराएकोः** सार्वजनिक खरिद नियमावली २०६४ नियम ९७ को उप नियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्र्याक्टरबाट गराउन सकिने छैन भनी उल्लेख गरेकोमा निम्न उपभोक्ता समितिले निर्माण काम गर्न नगरपालिकासंग सम्झौता गरी सम्पन्न काम बराबरको रकमको काम निर्माण | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | व्यवसायीबाट गराई समितिले सम्झौता बमोजिमको रकम भुक्तानी लिएको देखियो । | |

| भौ न मिति | कामको विवरण | सम्पन्न रकम | निर्माण व्यवसायी | विल रकम |
|---|---|---|---|---|
| ८०-०७७/२/१९ | स्यागोपी हुँदै मैराङ उ.स | ११८९६७१ | एम जि कन्स्ट्रक्सन | ११४३९४० |
| १०७-०७७-३/८ | अमृत खानेपानी बोरिङ्ग तथा व्यवस्थापन कार्य | ११८३००० | Manjushree tubewall construction pvt.ltd | ११८४३४४ |

३५. **फरक खर्च शिर्षक:** आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार सार्वजनिक निकायले तोकिएको शीर्षकबाट खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले निम्नुसारको खर्च लेख्दा विनियोजन भन्दा फरक शिर्षक/ कार्यमा खर्च भएकोमा परिषद्बाट स्वीकृत भएको देखिएन ।

| भौ.नं.मिति | योजनाको नाम | रकम | खर्च भएको शिर्षक | रकम |
|---|---|---|---|---|
| ९५-०७७/३/१ | प्रगतिपुर सिसाबास कृषिमार्ग ग्राभेल | १००००० | जस्तापाता खरिद | १००००० |

**संघिय सरकारबाट हस्तान्तरीय (शशर्त) कार्यक्रम पुँजिगत**

३६. **बढी खर्च:** नेपाल सरकार र स्वीजरल्याण्ड सरकार बिच पूर्वी चितवन नदी व्यवस्थापन तथा जिविकोपार्जन सुधार कार्यक्रम (चरण २) माध्यमद्धारा निश्चित उद्देश्य हासिल गर्नेका लागि मिति सन् २०१४ नोभेम्बर २५ मा द्धिपक्षीय सम्झौता भै कार्यान्वयन भैरहेको छ । सो कार्यक्रम कार्यान्वियनका लागि राप्ती नगरपालिका र आयोजना सहयोगी एकाई बिच भएको सम्झौता अनुसार नेपाल सरकार ३०%, स्वीस सरकार विकास सहयोग ४०% नगरपालिकाले २०% र उपभोक्ता समितिले १०% लागत साझेदारीमा योजना कार्यान्वियन गर्ने व्यवस्था उल्लेख छ । तर राप्ती ड्याक स्पर मर्मत उपभोक्ता समिति वडा नं. ६ को योजनाको लागत अनुमान रु. ४८,६०,६७८।४३ भई रु.४७,३५,९९२।४६ को कार्य सम्पन्न भएकोमा कार्यालयबाट भौ.नं. १९-२०७७।२।१९ बाट भुक्तानी हुँदा निम्नानुसार दुई पक्ष बिच भएको सम्झौता अनुसार नेपाल सरकार तर्फ रु. ३७,४०५।७९ र स्वीस सरकार तर्फ रु. ४९,८७४।३९ बढी खर्च भएको फिर्ता गर्नुपर्ने रु. ४९८७४.३९

| लागत सहभागिता | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | फरक रकम |
|---|---|---|---|
| उपभोक्ता समिति | ४,७३,५९९।२५ | ४,७३,५९९।२५ | ०।०० |
| नेपाल सरकार | १४,२०,७९७।७४ | १४,५८,२०३।५३ | -३७४०५.८ |
| स्वीस सरकार | १८,९४,३९६।९८ | १९,४४,२७१।३७ | -४९८७४.४ |
| नगरपालिका | ९,४७,१९८।४९ | ८,५९,९१८।३२ | ८७२८०.१७ |

३७. **आधारभुत स्वास्थ्य केन्द्र भवन** नगरपालिकाले वडा नं ३ मा बनेको टाइप दुईको भवनको लागि शौरभ निर्माण सेवालाई प्रथम रनिङ्ग विल भनि रु.७०९७५८.९५, वडा नं. ११ मा बनेको टाइप दुईको भवनको लागि शौरभ निर्माण सेवालाई रु. ४४५९६३.२०, वडा नं. ९ मा बनेको टाइप २ को लागि शौरभ निर्माण सेवालाई ३१४३०९.३८, वडा नं. ७ मा टाइप १ को लागि बंशगोपाल कन्स्ट्रक्सनलाइ रु. ८८४४०३.४४ र वडा नं. ६ मा बनेको टाइप १ को लागि बंश गोपाल कन्स्ट्रक्सनलाई रु.१०९३७३४.०० गरि गो.भौ. नं. ५१ मिति २०७७/०३/३१ बाट जम्मा रु.३४४८१६७.०० भुक्तानी भएको छ । उक्त भुक्तानीमा पेश भएको श्रेस्ताको अध्ययन गर्दा निम्नानुसार देखियो ।

३७.१ **लागत वृद्धि:** आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९(१) क मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा खरिद सम्वन्धी सम्पूण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने भए एउटै सम्झौता बाट गर्नु पर्ने व्यवस्था रहेको छ। त्यस्तै सार्वजनिक खरिद नियमानवली २०६४ को नियम ९(२) मा लागत अनुमान तयार गर्दा बोलपत्र जमानत बा कार्य सम्पादन जमानत लगायत मोजिलाइजेसन र डिमोविलाइजेसन खर्च बिमा परामर्शलाइ दिनु पर्ने सुविधा बापतका कार्यहरु गुएस्तर परिक्षण व्यवसायजन्य स्वास्थ्य र सुरक्षा एज विल्ट नक्शा कार्य सम्पादन

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

जमानतको कमिशन खर्च आदिको छुट्टै आइटम बनाई लागत अनुमानमा एकमुष्ट रुपमा सम्पूण कार्य समावेश गरी गर्नु पर्ने उल्लेख छ । कार्यालयले संघिय सरकार हस्तान्तरित कार्यक्रम अन्तरगत स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण गरी संचालन गर्न मिति २०७७/०१/१० मा विभिन्न वडा ६,७,३,४,९ र ११ गरी ६ टुक्रामा विभाजन गरी शिलवन्दी दरभाउपत्रबाट २०७७/०२/५ र २१ गरी बिद्युतिय बोलपत्रको मार्फत खरिद सम्भौता भएको छ । एकै प्रकृतिको कार्य को लागि एक मात्र लागत इष्टिमेट तयार गरी अनावस्यक चालु खर्च जस्तै इन्सुरेन्स, प्रत्येक स्थानको लागि निर्माण सामाग्रीको ल्याव टेष्ट गर्नु हुने खर्च घटाउन सकिनेमा कार्यालय ले उक्त कार्य नगरी लागतमा बृद्धि गरेको छ । अत नियमानुसार कार्य गरी लागत घटाइ मितव्ययी तथा प्रभावकारी बनाउनुपर्दछ ।

## ससर्त पूँजिगत (स्वास्थ्य)

३८. **सोझै खरिदः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिष्पर्धा लाई सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था गरेको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४.१ सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान निर्माण कार्य वा जुनसुकै सेवा ऐनको दफा ४० बमोजिम सिलवन्दी दरभाउपत्र आव्हान गरी खरिद कार्य गर्नुपर्ने उल्लेख भएकोमा नगरपालिकाले भौ.नं. ४५/२०७७।३।२९ गते विभिन्न सप्लायर्सबाट खुल्ला दरभाउपत्रको माध्यमबाट रु. २०४३४५२.९३को विभिन्न सामाग्री खरिद गरेको छ । आगामी दिनमा खरिद प्रकृयामा सुधार हुनुपर्दछ ।

| क्र.सं. | विवरण | सप्लायर्सको नाम | रकम |
|---|---|---|---|
| १ | कम्पुटर ल्यापटप लगायतका ५ आइटम | ग्लोवल कम्पुटर सोलुसन | ४९९१८९.९३ |
| २ | स्टेशनरी सामान | कंन्चन सप्लायर्स | ३६०९०४.०० |
| ३ | पलाष्टिकका कुर्चि | कंन्चन सप्लायर्स | ४३५००.०० |
| ४ | ज्क्ष:ब फारम छपाइ | सुभद्रा जनरल अडर्स सप्लायर्स | ३१६२९२.०० |
| ५ | दराज टेवुल जस्ता मेटल फर्निचरका सामान | शिभम् सेफ एण्ड मेटल इन्ड्रिष्टिज | ९७३९०.०० |
| ६ | सर्जिकल आइटम | घल भ्लतभचउचष्कभक | ११५९५७.०० |
| ७ | मेडिसिन जन्य आइटम | महेश मेडिसिन डिस्ट्रिबुटर | ५४७७०९.०० |
| ८ | ज्क्ष:ब फारम छपाइ | चित्रवन प्रिन्टर्स प्रा.लि. | ६२५११.०० |
| जम्मा | | | २०४३४५२.९३ |

## प्रदेश सरकारबाट हस्तान्तरीय कार्यक्रम

३९. **मुल्याङ्कनः** थाकलटार हित्तदाप सुखरखाडी विद्युतिकरणका लागि रु.५०००००० बजेट प्रदेश सरकारबाट प्राप्त भएकोमा विद्युतिकरणका लागि नेपाल विद्युत प्राधिकरण टाँडीलाई गो.भौ.नं.३६-०७७/३/३० बाट भुक्तानी दिएको छ । कति कामका लागि सो रकम उपलब्ध गराएको हो सो को विद्युत प्राधिकरणसँग भएको सम्झौता, कामको मुल्याङ्कन भएका कागजात लेखापरीक्षणको क्रममा पेश नभएको रु. ५००००००

## नगरपालिका चालु

४०. **शिर्षक फरक** आर्थिक कार्यविधि नियमावली २०६४ मा शीर्षक फरक पारी खर्च लेख्न नहुने व्यवस्था रहेको छ । जुन शिर्षकमा बजेट विनियोजन भएको हो सोही शिर्षकबाट बजेट खर्च गर्नुपर्दछ । नगरपालिकाले एक बजेट शिर्षकमा विनियोजित रकम अर्को बजेट शिर्षकबाट खर्च लेखेको छ । खर्च शिर्षक फरक पर्दा बजेट नियन्त्रण नहुन सक्दछ । जसका केही उदाहरण निम्न छन् ।

| भौ.नं. मिति | विनियोजन शिर्षक | खर्च शिर्षक | रकम |
|---|---|---|---|
| १२-०७६/६/२ | मसलन्द तथा कार्यालय सामाग्री खर्च | खाना खाजा खर्च | २६४६० |
| १७८-०७६/९/१६ | | | २४००० |
| २३१-०७६/१०/१६ | | | ३०००० |
| २४५-०७६/१०/२१ | | | २०००० |
| ४९४-०७७/३/२५ | भत्ता शिर्षकबाट | विविध खर्च | १९६७० |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|

**४१. वितरणमुखी कार्यक्रममा खर्चः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७६ बमोजिम वितरणमुखि कार्यक्रमलाई निन्यन्त्रण गरि आयव्यय सम्वन्धी कारोबारको लेखा जिम्मेवारीपूर्वक राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उक्त कार्य नगरी बितरणमुखी कार्यलाई बढवा दिएको छ । उक्त कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| भौ.नं.मिति | कार्यक्रम | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ५३-०७६/६/१५ | तिज कार्यक्रम | महिला समन्वय समिति | १००००० |
| ५९-०७६/६/१६ | तिज कार्यक्रम | आमा मिलन समुह | ७०००० |
| ७८-०७६/७/५ | दशै शुभकामना | राइफ युनिटी | ५०००० |
| ८४-०७६/७/६ | तिज कार्यक्रम | राप्ती नगरस्तरीय महिला समन्वय समिति | १८७१०० |
| ८६-०७६/७/६ | दशै कार्यक्रम | फ्रेड्स कार्यक्रम | ६३००० |
| ९१-०७६/७/८ | तिज कार्यक्रम | तिज कार्यक्रम क.स | ७४००० |
| ९२-०७६/७/८ | दशै कार्यक्रम | नवज्योती आमा समुह | ६००० |
| ९३-०७६/७/८ | जितिया विशेष कार्यक्रम | थारु कल्याणकारीणी सभा क्षेन नं.६ | ७५००० |
| ९८-०७६/७/१८ | भण्डारा म्युजिक महोत्सव | भण्डार बजार युवा समाज | १०००० |
| १०९-०७६/७/२२ | विश्व हिन्दु महासंघ | | १०००० |
| १२५-०७६/८/८ | दशै शुभकामना | राष्ट्रिय आ.वि चित्रकोट | ७०००० |
| १४४-०७६/८/२२ | अध्ययन भ्रमण | विरेन्द्र मा.वि | २५००० |
| २१०-०७६/९/२८ | कार्यक्रम मनाउन | नेपाल तामाङ्ग घेदुङ्ग | २७०० |
| २१३-०७६/९/२९ | सांस्कृतिक प्रबर्द्धन | टसी होइलिङ्ग यदुङने लाखङ गुम्बा | १००००० |
| २३६-०७६/१०/१७ | तामाङ जातिको सोनाम होछार चाड मनाउन | टसी होइलिङ्ग यदुङने लाखङ गुम्बा | ५०००० |
| ३६७-०७७/१/३१ | भ्रमण अवलोकन | मेलमिलाप समितिका पदाधिकारी | ८९७८० |
| २८६-०७७/२/१४ | इलाम भ्रमण | महिला स्वयम् सेवक | २००००० |
| ४२२-०७७/२/३० | चर्च भवन निर्माण | ग्रि ग्रुप चर्च भवन निर्माण उ.स | ३८४३६० |

**४२. प्यान बिलबाट खरिद गरेको** सार्वनजनिक खरिद नियमावली २०६४ को नियम १९ मा सार्वनजनिक निकायले कुनै खरिद कार्य गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्वर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीबाट खरिद गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले निम्नानुसारको विभिन्न सामानको खरिद कार्य गर्दा मू.अ. करमा दर्ता नभएका पक्ष सँग खरिद गरेको देखियो । अत नियमानुसार मू.अ. कर दर्ता भएका पक्षसँग खरिद कार्य गर्नुपर्दछ ।

| भौ.नं.मिति | फर्म | सामान | रकम | कैफियत |
|---|---|---|---|---|
| १२८-०७६/८/११ | सुवेदी सन सोलार | पोल लाइट | ७४२५० | ४ वटा बिलबाट |
| १३९-०७६/८/१८ | जि के स्पोर्टस हाउस | खेलकुद सामाग्री | ९५८०० | ५ वटा बिलबाट |
| १९०-०७६/९/२२ | मौलाकालिका प्लास्टिक तथा भाडा पसल | बिजुलीका सामान | १६१३७५ | १० वटा बिलबाट |
| १९१-०७६/९/२२ | न्यु कम्प्लिट आइटी सोलुसन | कम्प्युटर सामन | ३५५५८ | २ वटा बिलबाट |
| २९३-०७६/११/१९ | | | २५००० | २ वटा बिलबाट |

**४३.** मिति २०७६/९/२६ र ९/२७ मा प्रशासनिक अभिमुखिकरण कार्यक्रममा सहभागि भए बापत २१ जना कर्मचारीलाई गो.भौ.नं.२१९-०७६/१०/५ बाट रु.१२६००/- यातायात खर्च भुक्तानी दिएको छ । कार्यालय र कार्यालय परिसर वरपर कार्यक्रम संचालन गर्दा कार्यालयमा कार्यरत कर्मचारीलाई यातायात खर्च दिनु उपयुक्त देखिएन ।

**४४. सामान खरिदः** नगरपालिकाले निम्न भौ.नं. मितिमा निम्नानुसारका सामान खरिद बापत निम्न बमोजिमका व्यक्तिलाई सोधभर्ना दिएको छ । जुन फर्मबाट खरिद गरिएको हो सोही फर्मको नाममा रकम उपलब्ध गराउनुपर्नेमा सो नगरी कर्मचारिलाई सोधभर्ना दिएको छ । कर्मचारीबाट व्यक्तिगत रकमबाट अफिसको लागि सामान खरिद गरी सोधभर्ना लिएको एकिन हुन सक्ने स्थिति रहदैन । यस्तो कार्य नियन्त्रण हुनुपर्दछ ।

| भौ.नं.मिति | फर्मको नाम | सामान | रकम | सोधभर्ना लिने |
|---|---|---|---|---|
| २५७-०७६/१०/२७ | आर आर इन्जिनियरिङ्ग सोलुसन शान्तनगर | तरकारि फलफुल सुकाउने ड्राई मेसिन १ थान | २५०००० | सा.प ललिता तिमल्सिना |
| २६७-०७६/११/२ | अन्सार ट्रेडिङ नेपाल विरगंज | सिलाइ मेसिन आइरन फाइबर | २८१८१४ | शुस्मा पुडासैनी वडा नं. |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | इस्टी बक्स | | वडा सचिव |
| २८०-०७६/११/१३ | एस डब्लु ट्रेडर्स | ल्यापटप | ४७४६० | शिवराज सिलवाल |

४५. **जिन्सी दाखिलाः** विभिन्न वडाका लागि खरिद गरिएका सामान यस नगरपालिकाबाट भुक्तानी भएको छ । वडाबाट खरिद गरिएका सामानहरु नगरपालिकामा आम्दानी बाँधेको छैन । वडामा मात्र बाँधेको दाखिला रिपोर्ट प्राप्त भएको छ । नगरपालिकामा खरिद गरिएका सामान नगरपालिकामा आम्दानी नबाँध्दा आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुन जान्छ । नगरपालिकाले वडाका लागि खरिद गरेका सामान नगरपालिकाको जिन्सी किताबमा आम्दानी बाँधि सामान सम्बन्धित वडामा हस्तान्तरण गरी वडागत सहायक जिन्सी किताबमा आम्दानी बाँध्नु पर्दछ । नगरपालिकामा आम्दानी नबाँधिएका सामानको केही उदाहरण निम्नानुसार रहेका छन् ।

| भौ.नं.मिति | सामान | वडा नं. | परिमाण | रकम |
|---|---|---|---|---|
| २६०-०७६/१०/२८ | ल्यापटप | ३ | १ | ६४४१० |
| | प्रिन्टर | ३ | १ | २८९२८ |
| २६७-०७६/११/२ | Fire extinguisher | ४ | २० | ९९४४० |
| २८०-०७६/११/१३ | एस डब्लु ट्रेडर्स ल्यापटप कम्प्युटर | २ | १ | ४७४६० |
| २९५-०७६/११/२० | नारायणी फर्निचर फर्निचर्स | ४ | | ३७९२४० |
| ३५०-०७७/१/१६ | एस डब्लु ट्रेडर्स डेल ल्यापटप | २ | १ | ७८५०० |

४६. **शोधभर्ना** नगरपालिकाले कार्यालयबाट संचालन हुने कामका लागि पदाधिकारीलाई पेश्की दिने, सोधभर्ना दिने गरेको पाइयो । कार्यालयको काममा पदाधिकारीले पेश्की लिने, खर्च गरी सोधभर्ना लिनु उपयुक्त देखिएन । नितिगत निर्णय र सेवा प्रवाहको लागि निर्देशन गर्ने काममा संलग्न हुनुपर्नेमा पदाधिकारी यस्ता कार्यमा संलग्न हुनु उपयुक्त देखिएन । यस्तो कार्य नियन्त्रण हुनु जरुरी छ । यसका केही उदाहरण निम्नानुसार छन् ।

| **भौ.नं.मिति** | **दर्जा नाम** | **काम** | **पेश्की** | **कैफियत** |
|---|---|---|---|---|
| ३०१-०७६/११/२० | महिला सदस्य वडा नं.५ गोमादेवी घरेल न्यायिक समिति सदस्य | न्यायिक समिति | २००००० | पेश्की |
| ३१८-०७६/१२/२ | वडा नं.९ वडा अध्यक्ष देबेन्द्र लामा | विभिन्न खर्च | १३१९३९ | पेश्की |
| ३२९-०७६/१२/४ | वडा सदस्य वडा नं.६ कौशिला चौधरी | अवलोकन भ्रमण | १००००० | पेश्कि |
| ३४५-०७७/१/४ | वडा अध्यक्ष वडा नं.२ श्याम सुन्दर उप्रेती | क्वारेन्टाइनमा खाजा व्यवस्थापन | ३०००० | पेश्की |
| ४९६-०७७/३/२६ | वडा अध्यक्ष वडा नं.६ गल्लु महतो थारु | नगरसभा संचालन खर्च | १८३७७० | सोधभर्ना |
| २७३/०७६.११.११ | अमर बहादुर तामाङ्ग | खाना खर्च बापत | ८०००० | |

४७. **अनुगमन प्रतिवेदनः** निम्न भौ.नं.मितिबाट निम्नानुसार हावाहुरीले क्षति पुऱ्याएको भनि जस्तापाता खरिद गरेको भनि रु. १२४९८९३ खर्च लेखेको छ । हावाहुरी आउदा कति के क्षति भयो त्यसको विवरण प्रहरी मुचुल्का संलग्न गरी खर्च लेख्नुपर्नेमा क्षतिको विवरण संलग्न नगरी खर्च लेखेको एवं वितरित सामाग्रीको उपयोग सम्बन्धी अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ ।

| **भौ.नं.मिति** | **वडा नं.** | **विवरण** | **जस्तापाता खरिद** | **रकम** |
|---|---|---|---|---|
| २६४-०७७/१/३० | २ | नेपाल हार्डवेयर गड्यौली | ५७ वण्डल | ४५०००० |
| ५०७-०७७/३/३० | ९ | जय पाथिभारा सेन्टर | ६६.८८ वण्डल | ४९९८९३ |
| ४२४-०७७/३/१ | | कृषकलाइ अनुदान कार्यक्रमबाट | | ३९९००० |
| ५१०-०७७/३/३० | ७ | | ९२ वटा कलर जस्ता | १३३६८७ |
| ५११-०७७/३/३० | | | | ११८९१८ |
| ५०४/०७७.३.२९ | १० | | ४३० | ४९९७४८.०० |
| | | | जम्मा | १६०१०८३.०० |

४८. न्यायिक समिति सदस्य गोमादेवी घरेलले मेलमिलाप सम्बन्धि पुनर्ताजगी तालिमका लागि लिएको रु.२००००० पेश्की फछ्यौट गरी गो.भौ.नं.३६९-०७७/१/३१ बाट रु.२२१७७०/- खर्च लेखेकोमा निम्नानुसार देखियो ।

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४९.</td><td>न्यायिक समिति भत्ता स्थानिय तहका पदाधिकारी तथा सदस्य हरुको सुविधा सम्वन्धि ऐन २०७५ मा न्याधिक समितिको संयोजक सहित अन्य २ निर्बाचित पदाधिकारीले न्यायिक समिति बैठक भत्ता बितरण गर्ने व्यवस्था रहेको छ । नगरपालिकाले न्यायिक समिति बैठक भत्ता बापत अन्य कर्मचारीलाई समेत उपलव्ध गराएको छ । अत नियमानुसार कार्य गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४९.१.</td><td>मेलमिलाप समितिको खाजा, संचार महशुल बापत भुक्तानी दिएकोमा सो सम्बन्धि नर्मस खर्चको मापदण्ड तयार गरी मितव्ययीता अपनाउनुपर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>भौ.नं.मिति</th><th>वडा नं.</th><th>पाउने</th><th>जम्मा</th></tr>
<tr><td>४४२-०७७/३/८</td><td>८</td><td>राजन न्यौपाने</td><td>६५०४०</td></tr>
<tr><td>४४९-०७७/३/१४</td><td>२</td><td>तिलक कार्की</td><td>१३६९२५</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२०१९६५</td></tr>
</table></td><td></td></tr>
<tr><td>५०.</td><td>ब्याट्री खरिद नमुना इलेक्ट्रिकल खैरहनीबाट ३ थान इन्भटर खरिद गरी पानी तथा महशुल शिर्षक गो.भौ.नं.४५९-०७७/३/१६ बाट रु.१२६७०० बराबरको खर्च गरेको छ । अर्थ मन्त्रालयको कार्यक्रम निर्देशिका २०७५ अनुसार पानि तथा बिजुली महशुलबाट इन्भटर खरिद गरी भुक्तानी दिन मिल्दैन । नगरपालिकाले समान खरिद गर्दा बजेट वर्गिकरण र व्याख्या अनुसार खर्च लेख्नुपर्दछ रु.</td><td>१२६७००</td></tr>
<tr><td>५१.</td><td>ह्युम पाइप खरिदः सार्वजनिक खरिद ऐनको तथा नियमावलीको अनुसार आवश्यकता पहिचान गरी खरिद गर्नुपर्ने, खरिद गरिएका सामान जिन्सी दाखिला गर्नुपर्ने र वितरण भएमा जडान भएको उल्लेख गर्नुपर्ने व्यवस्था छ । वडा नं.४ मा देहाय अनुसारका ह्युम पाइप खरिद बापत अक्युट नेपाल प्रा.लि लाई रु.४८५०२४/- मा अग्रिम कर कट्टी गरी गो.भौ.नं.४८१-०७७/३/२३ बाट रु.४७८५८५/- भुक्तानी दिएकोमा पाइप खरिद गरी प्राविधिक मूल्याङकन र भरपाइको आधारमा खर्च लेखेको छ ।.जडान भएको प्रमाण संलग्न पर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>ह्युम पाइपको नाम</th><th>परिमाण</th><th>दर</th><th>जम्मा</th></tr>
<tr><td>एन पि २ ३०० एम एम</td><td>१७ थान</td><td>४१२४</td><td>७०११६</td></tr>
<tr><td>एन पि ३ ९०० एम एम</td><td>३ थान</td><td>३६५५५</td><td>१०९६६५</td></tr>
<tr><td>एन पि ३ ३०० एम एम</td><td>३ थान</td><td>९४०७</td><td>२८२२२</td></tr>
<tr><td>एन पि ३ ४५० एम एम</td><td>१५ थान</td><td>१३५०३</td><td>२०२५५२</td></tr>
<tr><td>एन पि ३ ६०० एम एम</td><td>४ थान</td><td>१८६१७</td><td>७४४६७</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४८५०२२</td></tr>
</table></td><td></td></tr>
<tr><td>५२.</td><td>मूल्य अभिबृद्धि कर नगरपालिकाको खाल्डोमा ग्राभेल पुर्ने काम बापत रासी नगरपालिकाको निर्माणधिन भवन अगाडी खाल्डोमा ग्राभेल फिलिङ गर्ने उपभोक्ता समितिलाई कुल काम ५१७१.४२ घ.मि प्रति घ.मि ८०७/६९ का दरले कन्स्ट्रक्सन प्रा.लि बाट ग्राभेल खरिद रु.४१७६९०७/- को काम सम्पन्न गरेको छ । कुल काम भए मध्ये गो.भौ.नं.५२५-०७७/३/३१ बाट रु.३५५१६५२ भुक्तानी दिएकोमा प्रति घ.मि दरमा मुल्य अभिवृद्धि कर समावेश गरिएको छ । मुल्य अभिवृद्धि मु अ कर लिंदा कर समावेश भएको विजक जारी गर्नुपर्दछ । हाइवे कन्स्ट्रक्सन प्रा.लि बाट ग्रावेल खरिद गर्दा मुल्य अभिवृद्धि कर समावेश भएको बिल संलग्न गरेको छैन । मुल्य अभिवृद्धि कर समावेश गरेको विजक जारी नगरी मुल्य अभिवृद्धि कर बापत भुक्तानी लिएको रकम असुल हुनुपर्दछ रु.</td><td>४८०५२९</td></tr>
<tr><td>५३.</td><td>नापी किताबः नगरपालिकाले फोहोर व्यवस्थापनका लागि कृषि विकास निर्देशनालयको ४९९६४२४.०० र नगरपालिका को ४९९६४२४.०० योगदान रहने गरी रु.९९९२८४९.०० को लागत अनुमान तयार गरी कार्य सुरु गरेकोमा दोस्रो रनिङ्ग विलमा रु६३६३२६६.०० को कार्य भएको आधारमा देहाय बमोजिम भुक्तानी दिएको छ । सम्रग कामको मूल्याङ्कन र लागत साझेदारी अनुरुपको योगदान स्पष्ट गरी अनुदानको उपयोगिता देखिने गरी परियोजना अगाडि बढाउनु पर्दछ । प्राप्त लाभको समेत साझेदारी हुने व्यवस्था हुनुपर्दछ ।</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| भौ.नं.मिति | भुक्तानी पाउने संस्था | रकम |
|---|---|---|
| ११७-०७६/९/२४ | अर्गानिक मल तथा टहरा | ९५४३४८ |
| ३२८-०७६/१२/४ | रिकसी कम्पेक्स प्रा.लि | ११९७४७७ |
| ४६५-०७७/३/१८ | | १८१०७७६ |
| | जम्मा | ४७६२६०१ |

५४. **प्रतिवेदनः** भण्डारा दुध उत्पादक सहकारी संस्थालाई पशु आहारा उद्योग संचालनलाई रु.१८००००० अग्रिम कर रु.२७०००/- कट्टी गरी गो.भौ.नं.१९४-०७६/९/३ बाट रु.१७७३०००/- भुक्तानी दिएको छ । उपलब्ध रकम बिउ पुँजिका रुपमा रहने गरी संस्थागत सम्झौता भएको छ । मिति २०७६/८/१९ मा भएको सम्झौता अनुसार १ महिना भित्र कार्य सम्पन्न गरी सक्नुपर्ने उल्लेख छ। बिउ पुँजिको अवस्था दाना उत्पादत स्थिति सम्बन्धि अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ ।

**नगरपालिका चालु विषयगत**

५५. **कार्यक्रम संचालन** आर्थिक कार्यविधी नियमावली २०६४ मा सरकारी निकायबाट कुनै तालिम सेमिनार ,कार्यशाला गोष्ठी आदि संचालन गर्नु पर्दा सो कार्यको लागि कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराइ त्यस्तो स्वीकृत कार्यक्रम अनुरुप संचालित तालिम, सेमिनार, कार्यशाला तथा गोष्ठी आदि सम्पन्न भइसकेपछि कार्यक्रम अनुरुप कार्यसम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका मालसामान विवरण र बिल भरपाई सहितको खर्च देखिने गरी प्रतिबेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसार कार्यक्रम संचालन गर्दा सवै प्रकृया पुरा गरेको देखिएन । अत कानूनी प्रकृया अवलम्व गरी, कार्यशैलीमा परिवर्तन ल्याउनु पर्दछ ।

| क स | कार्यक्रम को विवरण | रकम |
|---|---|---|
| १ | कृषक लक्षित कार्यक्रम | ४००००0.00 |
| २ | विश्व खाद्य दिवस कार्यक्रम | ४००००.00 |
| ३ | राष्ट्रिय घान दिवस कार्यक्रम | ४००००.00 |
| ४ | पशु आहारा विकास कार्यक्रम | ३१३०००.00 |
| ५ | व्यवसायिक अर्गानिक कृषि तालिम कार्यक्रम | १२००००.00 |
| ६ | किटन्य रोग नियन्त्रण कार्यक्रम | ४४००००.00 |
| ७ | चेपाङ्ग तथा विपन्न समुदायमा परिवार नियोजन सेवा कार्यक्रम संचालन | १५००००.00 |

५६. **अनुदान खर्चः** आर्थिक कार्यविधि नियमावली २०६४ मा सार्वजनिक निकायले कुनै पनि निकाय वा लाभग्राही समूह लाई दिएको रकमको आय व्ययको प्रगतिको विवरण लिई जुन कामको लागि त्यस्तो रकम दिइएको हो सो काममा खर्च गरे वा नगरेको लक्ष्य अनुसार गरे वा नगरेको प्रचलित कानून बमोजिम लेखापरीक्षण भए वा नभएको कुराहरुको अध्ययन अनुगमन गरी सोहि अनुसार प्रतिवेदन तयार गरी अनुदानलाई यथार्थ र उद्देश्यमूलक गराउनु पर्ने व्यवस्था छ ।नगरपालिकाले अनुगमन गरी अनुदानलाई प्रभावकारी बनाउनुपर्दछ ।

| क्र.स. | गो भौ नं. मिति | उपभोक्ता समितीको नाम | कामको विवरण | रकम |
|---|---|---|---|---|
| १ | ६/२०७७.०१.२९ | सुनिल खरेल वडा नं.७ | स्यालो बोरीङ्ग टुइवेल | ५६४३५.00 |
| २ | ६/२०७७.०१.२९ | रामेश्वर शिंह ३ | स्यालो बोरीङ्ग टुइवेल | ५९०४०.00 |
| ३ | ६/२०७७.०१.२९ | सुरेन्द्र कुमार चौधरी ९ | स्यालो बोरीङ्ग टुइवेल | ५८८४०.00 |
| ४ | ७/२०७७.०१.०३ | बासुदेव भेटवाल ४ | स्यालो बोरीङ्ग टुइवेल | ५८८६०.00 |
| ५ | १०/२०७६.०२.०५ | हिरा बहादुर गुरुङ्ग | स्यालो बोरीङ्ग टुइवेल | ५४८२८.00 |
| ६ | १२/२०७७.०२.१५ | विशेश्वर प्रसाद लामा ५ | स्यालो बोरीङ्ग टुइवेल | ५९०२५.00 |
| ७ | १४/२०७७.०३.०७ | वडा नं ८ मा | स्यालो बोरीङ्ग टुइवेल | ५९१७५.00 |
| ८ | १५/२०७७.०३.०८ | मोक्तान भेट सेन्टर | बिंउविजन वितरण | ११६८०३.00 |
| ९ | १६/२०७७.०३.१४ | वडा नं ५ निवासी नवराज पाठक | सिंचाइ मोटर खरिद | ६००००.00 |
| १० | विभिन्न गो भौ न. | विभिन्न उपभोक्ता समुह तथा व्यक्ति | गोठ सुधार कार्यक्रम | ३०००००.00 |
| | | जम्मा | | ९६३००६.00 |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

**५७.** **आ.पि.एम. कृषक पाठशालाः** कृषक पाठशाला संचालन कार्यविधी २०७५ मा किसानको घर घरमा गई आधुनिक कृषि प्रविधि सम्वन्धी जानकारी गराउन धेरै प्राविधिकहरुको आवश्यकता पर्ने हुन्छ तसर्थ स्थानीय स्तरमा नै किसानहरुलाई उनीहरुको खेतबारीमा नै बाली अवधिभर बाली उत्पादन सँग सम्वद्ध समस्याहरु केन्द्रित भइ सहभागितात्मक खोज र प्रयोगका आधारमा बाली उत्पादनका नवीनतम प्रविधिहरुको अभ्यास गर्ने उद्देश्य ले संचालन गरीने कार्यक्रम कृषक सहजकर्ता बाट संचालन गरी आवस्यक स्थान पहिचान गरी उक्त स्थानमा  गइ जनप्रतिनिधी स्थानीय तहमा कार्यरत कृषि प्राविधिक समेत स्थलमा गी पाठशाला संचालन गर्ने क्षेत्रमा रहेको कृषक महिला वा मिश्रित समुहको समेत सहभागिता हुने गरी २५ जनको कृषक समुह छनौट गर्न २ पटक अन्तरक्रिया गोष्ठी गर्ने तुलनात्मक अध्ययन तथा परीक्षणहरु संचालन गर्न आवश्यक जग्गा छनौट गर्ने र कुनै बालीको अवधिभर कृषक समुहले निर्धारण गरेको हप्ताको एक दिन विहान अध्ययन तथा तालिम संचालन गर्ने आवस्यकता अनुसार कृषि शाखा सँग विशेष कक्षा संचालन गर्न लगाउने यसका साथै हरेक बालीमा बाली नभित्र्याउदै अन्य कृषकलाई यस प्रविधिको जानकारी  गराई कार्यक्रम समापन गर्नुपर्दछ भन्ने व्यवस्था रहेको छ । नगरपालिकाले कार्यविधीको प्रक्रिया अवलम्बन नगरी निम्नानुसारको आ.पि.एम कृषक पाठशाला कार्यक्रम संचालन गरी खर्च लेखेको छ ।

| क्र.स. | मिति र गो.भौ नं. | कृषक पाठशालाको नाम | रकम |
|---|---|---|---|
| १ | १९/२०७७.०३.१५ | अकलादेवी परिवर्तनशिल महिला सहकारी संस्था | १४२०००.०० |
| २ | १९/२०७७.०३.१५ | गुम्बाटोल आ.पि.एम. कृषक पाठशालना | १४१४९२.०० |
| ३ | १९/२०७७.०३.१५ | झुरझुरे आ.पि.एम. कृषक पाठशाला | १४२८८०.०० |
| ४ | १९/२०७७.०३.१५ | पशुपति रासीपुरी आ.पि.एम. कृषक पाठशाला | १४२३९०.०० |
| ५ | २०/२०७७.३.२१ | महादेव आ.पि.एम. कृषक पाठशाला | १४३५२०.०० |
| | | जम्मा | ७१२२८२.०० |

**५८.** **अनुदान रकम** भरतपुर अस्पताललाई रकम भुक्तानी नगरपालिकाले जिल्ला समन्वय समितिको कार्यालय चितवनको मिति २०७७.०३.०४ मा जारी भएको पत्र अनुसार नगर प्रमुख तहबाट निर्णय गराइ भरतपुर अस्पतालमा कार्यरत कोभिड विशेष अस्पतालमा कार्यरत कर्मचारी तथा कोरोना ल्यावमा कार्यरत चिकित्सकहरुलाई क्वारेन्टाइनमा बस्दा लागेको खर्च भुक्तान गर्न भनी रु. ५०००००.०० भुक्तानी भएको छ । स्वास्थ्य कर्मिलाई आइसोलेसनमा बस्ने खर्च नेपाल सरकारले नै उपलब्ध गराएको अवस्थामा नगरपालिकाले उपलब्ध गराएको रकम कुन कार्यका लागि खर्च भयो भन्ने आधार प्राप्त भएन । साथै उक्त रकम सम्वन्धित कार्यालयको आय व्यव विवरणमा समावेश गरी त्यसको लेखापरीक्षण भएको प्रतिवेदन पेश गर्नुपर्ने रु. — ५०००००.००

**५९.** **सोझै खरिदः** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा खरीद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरीद गर्न नमिल्ने, साथै नियम ८४ मा रू.५ लाखदेखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रद्वारा खरीद गर्नुपर्ने व्यवस्था छ । नियमानुसार एकमुष्ठ खरीद योजना बनाई सिलबन्दी दरभाउ पत्र वा बोलपत्रको माध्यमबाट खरीद गर्नुपर्नेमा पटक पटक गरी खुला दरभाउपत्र मार्फत खरिद गरेको देखिएकोले यस प्रकारको खरिद कार्य नियन्त्रण गर्नुपर्नुपर्दछ ।

| भौ.नं.मिति | विवरण | रकम | फर्मको नाम |
|---|---|---|---|
| ३४-०७६/६/१३ | मसलन्द तथा कार्यालय सामान | २४०४९८ | |
| ६८-०७६/६/२९ | | ९०२३० | |
| ८२-०७६/७/५ | | १४६७८७ | |
| ११९-०७६/७/२८ | | ३६४०० | |
| १६०-०७६/८/३० | | ३४४०८५ | शिद्धबाबा अफसेट प्रेस |
| १८०-०७६/९/१६ | | ३५३४९५ | नारायणी फर्निचर |
| १८३-०७६/९/१८ | | १००००० | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | बेरुजू रकम |
|---|---|---|---|---|
| | २०३-०७६/९/२४ | | ११५२०० | सिजल कम्प्युटर |
| | २१५-०७६/१०/१ | | ६९४०० | |
| | २३४-०७६/१०/४ | | ८३३८८ | |
| | २६०-०७६/१०/२८ | | ९३९०३ | |
| | २६५-०७६/१०/२८ | | ५५३११९ | |
| | २८४-०७६/११/१४ | | ३२२२०६ | |
| | २९५-०७६/११/२० | | ३७९२४० | नारायणी फर्निचर |
| | ३१२-०७६/११/२९ | | ५७१८८ | |
| | ३१६-०७६/११/३० | | १६३५२४ | |
| | ३३४-०७६/१२/६ | | १९५१५१ | |
| | ३९९-०७७/२/२० | | १०४२३९ | |
| | ३३७०७६/१२/६ | | १८०५४३ | |
| | ४०८-०७७/२/५ | | १०३८१८ | |
| | ४५९-०७७/३/१६ | | ५११०८३ | |
| | ४६८-०७७/३/१९ | | ८५९९९ | |
| | ४८१-०७७/३/२६ | | ११८९७८ | |
| | ४९७-०७७/३/२६ | | ५७४५११ | |
| | ४९६-०७७/३/२६ | | १४९०७० | |
| | | जम्मा | ५१७२०५५ | |

**आयुर्वेद**

६०. **अतिरिक्त भत्ताः** आर्थिक कार्यविधी नियमावली २०६४ मा कार्यालय समय भन्दा अतिरिक्त समय कार्यालयको काम गरेवापत नियमानुसार भत्ता प्राप्त गर्न सक्ने व्यवस्था रहेको छ । नगरपालिकाले कार्यालयले देखि नजिकै रहेको ठाँउ पिप्लेमा गाँउ घर क्लिनिक संचालन गरे वापत बैद्य राम बाबु दास लाई प्रत्येक महिनाको २ पटक प्रति पटकको रु. १०००का दरले र का.स. रिता बस्नेत क्षेत्रीलाई सोहि तरिकाले प्रति पटक रु. ५०० का दरले भत्तानी दिएको भनि २ जना को १२ महिनाको २४ पटक रु. ३६०००.०० र प्रति पटक यातायात खर्च भनि रु.३००का दरले १४४००.०० गरी जम्मा रु. ५०४००.०० खर्च लेखेको छ ।

६१. रकम जम्मा नगरपालिकाले प्रत्येक वर्ष विरेन्द्रनगर आयुर्वेद औषधालिको खाता नं. १३३००१००६५४४२४३ मा बार्षिक रु. १००००।०० का दरले जम्मा गर्ने गरेको पाइयो । कुन काम को लागि जम्मा गरेको हो सो को लेखाजोखा पेश नभएको साथै हालसम्म उक्त कोषमा कति रकम जम्मा भयो सो रकम को के के मा प्रयोग भयो केहि पनि खुलेको छैन । प्रयोजन स्पष्ट गर्नुपर्ने रु.

६२. **खरिद कार्यः** सार्वजनिक खरिद नियमावली २०६३ अनुसार कुनै पनि सार्वजनिक निकायले खरिद कार्य गर्नु पूर्व त्यसको आवस्यकता पहिचान गरी कानूनी प्रकृया अनुसार लगत इष्टिमेट तयार गरी खरिद कार्य गर्नुपर्ने ब्यवस्था गरेको छ । नगरपालिकाको आयुर्वेद तथा अन्य विषयगत शाखाले केवल बजेट फ्रिज हुन नदिने हेतुले आ.व. को अन्तिम समयमा निम्नानुसार को सामान खरिद कार्य गरेको देखिन्छ । यसरी अनावस्यक खरिद कार्यलाई निरुपण गरी आवस्यकतामा आधारित खरिद प्रकृया अवलम्वन गरी मितव्यी खर्च प्रणाली अवलम्वन गर्नुपर्दछ । १००००.००

| क्र.सं. | सामानको विवरण | सप्लायर्सको नाम | रकम |
|---|---|---|---|
| १ | ओ.पि.डि. टिकट छपाई ८१० प्याड | चितवन प्रिन्टर्स | ९९७६७.०० |
| २ | पशु शाखाको सामाग्री AI GLOVE , AI SEETH , INJ CHOPROCHED | भेट फर्म चितवन | २२००००.०० |
| ३ | आयुर्वेद औषधी खरिद ५ पटक खरिद गरेको | पतन्जली आयुर्वेद नित्यम घनव्तरी आयुर्वेद लगायत पाँच कम्पनीबाट | ४५५०००.०० |
| ४ | न्यानो झोला ५६ पिस | | ६९२३३०.०० |
| ५ | स्टेस्नरी सामान | शंकर स्टेसनरी एण्ड जनरल सप्लायर्स | ३६४९९०.०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ६ | आयुर्वेद औषधी १२ थरीको आइटम | उपदेश हरवल उद्योग प्रा.लि. | १४६०००.०० |
| ७ | मास्क वि.पि सेट | सेवक ट्रेडर्स प्रा.लि. | ३५०००.०० |
| जम्मा | | | २०१३०८७ |

**नगरपालिका स्वास्थ (चालु)**

६३. **सेनटरी प्याड खरिदः** सेनटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ मा सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावरीका समयमा आवश्यक पर्ने महिनावरी व्यवस्थापन सामाग्री उपलव्ध गराई उनीहरुको स्वास्थ्यमा सुधार गरी सोही कारणबाट विद्यालय छाड्ने समस्या समाधान गर्न गुणस्तरीय शिक्षाको प्रत्याभुति गर्न र महिनावरी व्यवस्थापन सामाग्रीको दिगो विसर्जन तथा पुन प्रयोग गर्न सकिने सामाग्रीको प्रयोग गर्न तर्फ उत्प्रेरित गर्ने उद्देश्य राखेर तयार गरिएको यस कार्यविधीमा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्वन्धीत स्थानीय तहमा लेखी पठाउने स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा बढीमा प्रति विद्यार्थी १६ वटा सेनेटरी प्याड वितरण गर्ने गरी सम्वन्धीत विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रकृया सुचारु गरी तेस्को भरपाई तयार गरी अर्को महिनाको ७ गते सुचना पार्टिमा विवरण टास्नु पर्ने व्यवस्था उल्लेख गरेको छ । माथी उल्लेखित आवश्यक प्रकृया पुरा नगरी नगरपालिकाले यस वर्ष उक्त शिर्षकमा रु. ३ लाख लाइफ केयर स्यानिटरी एण्ड न्याप्कीन उधोग एण्ड सप्लायर्सलाई भुक्तानी दिइ खर्च लेखेको छ । नगरपालिकाले यस सम्वन्धमा अनुगमन गर्नुपर्दछ ।

**(शिक्षा) ब.उ.शी.नं.८०३३१४०५३०१)**

६४. **अवकास पछिको रकम** नगरपालिकाले निम्नानुसारको विद्यालयमा कार्यरत रहि अबकास प्राप्त गरेका शिक्षकको अवकास पछि पनि विभिन्न चौमासिममा रकम भुक्तानी भएको छ । यसरी अवकास भइसकेपछिको समयमा भुक्तान भएको रकम असुल गरी संघिय कोषमा दाखिला गर्नुपर्ने रु. — बेरुजू रकम: ११३९२८

| क्र.स. | विद्यालयको नाम | शिक्षकको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | रा.आ.वि. महादेवटार | अवध किशोर राय यादव | ३०४५६.०० | फाल्गुनमा सरुवा भएता पनि चैतको तलब बुझेको |
| ३ | काशिरुपा आ.वि. | राम प्रसाद तिमिल्सिना | ८३४७२.०० | पौष १६ मा अवकास प्राप्त भएतापनि पौष महिनाको बाँकी र माघ तथा फाल्गुन महिनाको भुक्तानी |
| जम्मा | | | ११३९२८ | |

६५. **सोझै खरिद** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाखसम्म लागत अनुमान भएको मालसामान निर्माण कार्य वा जुनसुकै सेवा शिलबन्दी दरभाउपत्र आह्वान गरी प्रतिस्प्रर्धाको माध्यमद्धारा खरिद गर्न सक्ने व्यवस्था छ । त्यस्तै गरी नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु ५ लाख भन्दा बढीको निर्माण कार्य वा मालसामान एकै व्यक्ति फर्म वा कम्पनीबाट सोझै खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले विभिन्न विद्यालयलाई न्यानो कपडा खरिद र वितरण कार्यक्रम गर्दा रु ५ लाख भन्दा बढीको खरिदमा एकमुष्ट शिलबन्दी दरभाउपत्रद्धारा गर्नुपर्नेमा कार्यक्रम टुक्रा पारी भौ.नं. मिति ८- २०७६।०८।२४ र मिति २०७६।०९।२३ मा विभिन्न दर र साइजका क्रमश १५०० पिस स्वीटर रु. ४,७०,६३६।०७ र १३०० पिस स्वीटर रु. ३,९६,७०८।३९ गरी जम्मा रु. ८,६७,३४४।०७ को सोझै खरिद भएको रु. — बेरुजू रकम: ८,६७,३४४

६६. **कार्यक्रम परिवर्तन** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सिमा र शिर्षक बाहिर खर्च गर्न नपाउने उल्लेख छ । कार्यालयले शिक्षा तर्फ वार्षिक स्वीकृत र विनियोजित निम्न कार्यक्रमबाट जम्मा रु. ६,१४,२५०।०० मिति २०७६।१०।१९ को कार्यपालिका निर्णय गरी वडा न. १० देखि १३ का सबै र परेवाकोट र धमिलिका चेपाङ बाहेकका विद्यार्थीलाई दिवा खाजा भुक्तानी कार्यक्रममा खर्च गरेको छ । यसरी कार्यक्रम परिवर्तन तथा सशोधन गरी वितरणमुखी कार्यक्रममा हुने खर्चलाई नियन्त्रण गर्नु पर्दछ ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| क.स. | विववरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | शिक्षक तालिम मा.वि. र नि.मा.वि. गणित तथा अङ्ग्रेजी विषय | २५०००० | |
| २ | अभिभावक शिक्षा कार्यक्रम | २,००,००० | |
| ३ | शैक्षिक अवलोकन भ्रमण जिल्लास्तर | १३५००० | |
| ४ | शैक्षिक योजना निर्माण सम्बन्धी कार्यशाला | २९२५० | |
| जम्मा | | ४१४,२५२ | |

६७. **मु.अ.करको ५० प्रतिशत कट्टी** आर्थिक विधेयक २०७६ले मुल्य अभिबृद्धि कर ऐन २०५२ मा गरेको संशोधनको व्यवस्था साथै मुल्य अभिबृद्धि कर नियमावली २०५३ मा भएको एक्काइसौं संशोधन अनुसार मुल्य अभिबृद्धि कर समेतको रकम भुक्तानी गर्दा ५० प्रतिशत मुल्य अभिबृद्धि कर वापतको रकम कार्यालयले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा निर्माण व्यवसायीलाई भुक्तानी हुने रकम को १३ प्रतिशत मुल्यअभिबृद्धि कर रकमको ५० प्रतिशत प्रतिशतले हुने मु अ.कर.रकम कट्टा गरी भुक्तानी गर्नु पर्नेमा कट्टा नगरेकोले कर समायोजन प्रमाण पेश हुनुपर्ने रु. १,७३,३९९

| भौचर मिति | कार्यक्रम | व्यवसायीको नाम | विल रकम | १३% भ्याट | ६.५% भ्याट |
|---|---|---|---|---|---|
| ३५-०७७।३।१८ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम पूँजीगत | सोलुसन इन्टरप्राइजेज | ४,५१,६६८ | ५८,७१६।८४ | २९,३५८।४२ |
| ३५-०७७।३।१८ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम पूँजीगत | नारायणी फर्निचर सेन्टर | ४,४१,७७० | ५७,४३०।- | २८,७१५।- |
| ४४-०७७।३।२९ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम पूँजीगत | सिद्धबाबा प्रेस प्रा.लि. | ३,६४,६२५ | ४७,४०१।२५ | २३,७००।६२ |
| २८-०७६।१२।२ | गत आ.व. भुक्तानी बाँकी पूँजीगत | इशासन इन्जीनियरिङ कन्सल्टेन्सी | ४,४०,००० | ५७,२००।- | २८,६००।- |
| १०.०७७।०३।३० | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संघीय) | श्री कुसुम कन्ट्रक्सन, खैरहनी | ९,६९,६२२ | १,२६,०५० | ६३,०२५।०० |
| | | | | | |
| | | जम्मा | २६,६७,६८५ | ३,४६,७९८ | १,७३,३९९ |

## स्थानिय पुर्वाधार साझेदारी कार्यक्रम

६८. **प्रगतिको स्थिति :** स्थानिय पूर्वाधार साझेदारी कार्यक्रम प्रदेश तथा स्थानीय साझेदारी कार्यक्रम सञ्चालन नियमावली, २०७६ अनुसार कार्यालयले सञ्चालन गरेका आयोजनाको चौमासिक तथा वार्षिक लक्ष्य प्रगति विवरण तयार गरी जिल्ला समन्वय समितिमा पेश गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले हालसम्म पनि प्रदेश तथा स्थानीय विकास साझेदारी कार्यक्रमको प्रगति तयार गरेको देखिएन त्यसैले नियममा भएको व्यवस्था अनुसार कार्यालयले वित्तीय र भौतिक प्रगति समेत देखिने गरी प्रगति विवरण तयार गर्नुपर्दछ ।

६९. **लक्ष्य प्रतगि :-** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार ७ परियोजना संचालन गर्न रु २४ करोड बजेट प्राप्त भएकोमा रु. ९ करोड.खर्च भई ३७ प्रतिशत भौतिक प्रगति भएको छ ।

( रु.हजार )

| क.स. | योजनाको नाम | आयोजनाको प्रकार | बजेट | खर्च | वित्तिय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| १ | रासीपुरी मार्ग ढलान | बाटो ढलान | १००० | १००० | १०० % | १०० % |
| २ | तामटार खहरे मोटर बाटो | बाटो | १५०० | १२४९ | ८३% | १००% |
| ३ | परेवाकोट थाकलटार ट्र्याक निर्माण | बाटा खन्ने | ५००० | ४२११ | ८४.२३% | १००% |
| ४ | घमला बाटो विस्तार उ.स. | बाटो | १५०० | १३१८ | ८३.४२% | १००% |
| ५ | भण्डारा साझा बाटो उत्तर खण्ड स्तरउन्नती | बाटो | ५००० | २६४ | ४.५% | ४०% |
| ६ | पम्पा पुलबाट पुरवारी लौकाही | बाटो | ५००० | ५२६ | १०.५३% | १००% |
| ७ | पडरिया देखि छमौरा लौकाही | बाटो | ५००० | ३४२ | ६.८४% | ३०% |
| जम्मा | | | २४००० | ८९१० | | |

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (संचालन कार्यविधि) नियमावली २०७६ को बुदा नं. ६(घ) निर्देशक समितिले छनौट गरेका आयोजना स्वीकृतीका लागि स्थानीय तहमा लेखी पठाउने

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | स्थानीय तहले योजना संचालन गर्नुपर्ने व्यवस्था रहेतापनि यस कार्यक्रम अन्तर्गत निर्देशक समितिले सोझै योजना पठाएको देखिन्छ जसले स्थानीय आवस्यकताको सम्वोधन नहुनसक्ने भएकाले नगरपालिकाले यस्ता आयोजना संचालन गर्दा नियमानुसार प्रकृया अवलम्वन गरि प्रभावकारी योजना छनौट हुने पद्धतिमा ध्यान दिनुपर्दछ । | |
| ६९.१. | **मु.अ.कर को ५० प्रतिशतः** आर्थिक विधेयक २०७६ले मुल्य अभिबृद्धि कर ऐन २०५२ मा गरेको संशोधनको व्यवस्था साथै मुल्य अभिबृद्धि कर नियमावली २०५३ मा भएको एक्काइसौं संशोधन अनुसार मुल्य अभिबृद्धि कर समेतको रकम भुक्तानी गर्दा ५० प्रतिशत मुल्य अभिबृद्धि कर वापतको रकम कार्यालयले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा निर्माण व्यवसायीलाई भुक्तानी हुने रकम को १३ प्रतिशत मुल्यअभिबृद्धि कर रकमको ६.५ प्रतिशतले हुने मु अ.कर.रकम कट्टा गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पप्यापुल देखि चौलागाइ टोल सम्मको सडक कालोपत्रे बापतको रकम कुसुम कन्स्ट्रक्सनलाई भुक्तानी गर्दा मु.अ.कर को ५० प्रतिशत रकम कार्यालयबाट कट्टी गरी जम्मा गर्नुपर्नेमा सो अनुसार नभएकोले ४ वटा बिजकबाट भुक्तानी भएको मु.अ.कर रकम को कर समायोजन पत्र पेश गर्नुपर्ने रु. | १८९०७६.४४ |
| | **प्रदेश पुर्वाधार साझेदारी कार्यक्रम (पूँजीगत)** | |
| ७०. | **टुक्रा निर्माण कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बिस लाखसम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्र आह्वान गरी प्रतिस्पर्धाको माध्यमद्धारा खरिद गर्न सक्ने व्यवस्था छ । मुडभार सेढाई टोलबाट चौधरी गाउँ जाने बाटो ढलान सम्बन्धी कार्यको लागि रु.५०,००,०००।- बजेट विनियोजन भएको छ । सो कार्य ठेक्काको माध्यमद्धारा कुसुम एण्ड कन्स्ट्रक्सन प्रा.लि.लाई सम्झौता अनुसार कार्य मुल्याङ्कन गरी रु.३७,५९,४१९।७८ भुक्तानी गरेको छ । बाँकी रहेको बजेटबाट सोही बाटो ढलान सम्बन्धी कार्य खुला प्रतिस्पर्धाद्वारा सिलबन्दीको माध्यमद्धारा गर्नुपर्नेमा बजेट टुक्रा पारी सिधै कोटेसनको माध्यमद्धारा रुची कन्स्ट्रक्सन प्रा.लि.लाई रु.४,९६,१३५।५६ र एम.जी. कन्स्ट्रक्सन प्रा.लि.लाई रु.४,९६,७५२।०९ गरी जम्मा रु.९,९२,८८७।६५ भुक्तानी गरी बाटो ढलान सम्बन्धि कार्य गरेको छ। यसरी बजेट टुक्रा पारी गरिने निर्माण कार्यलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ। | |
| | **कृषि तथा पशु** | |
| ७१. | **नाइट्रोजन खरिदः** नाईट्रजन खरिद सेक्सेड सिमेन खरिद तथा वितरण कार्यक्रम संचालन कार्यविधि २०७५ मा गाइ पालक कृषकले सार्वजनिक निकायमा पेश गरेको निवेदनको आधारमा आवस्यक माग निर्धारण गरी सिमेन खरिद गरी आवस्यकता अनुसार सिमेनको दुरुपयोग नहुने गरी अत्यावस्यक कृषकलाई वितरण गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले यस वर्ष सेक्सेड सिमेन सुरक्षामा खपत हुने नाईट्रोजन ग्यााँस खरिदमा रु.१३००००.०० खर्च गरेको छ । आवश्कताको पहिचान गरेर अत्यावस्यक कृषकलाई मात्र सिमेन वितरण गर्ने प्रकृया अबलम्वन गरी पशु उत्पादक्तमा बृद्धि गर्नु पर्नेमा उक्त कार्य नगरी साथै कुनै पनि विवरण नराखी सिमेन वितरण गरेको देखियो । अत सिमेन वितरण प्रकृया व्यवस्थित गर्नुपर्दछ । | |
| ७२. | **प्रतिवेदनः** आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार अनुदानबाट संचालन हुने योजनामा उक्त योजना समापन पश्यात अनुगमन गरी त्यसको प्रभाकारिता सम्वन्धि अध्यनन गरी प्रभाव समेत उल्लेख गरी अनुगमन प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था गरेको छ । तर नगरपालिकाले यस वर्ष अनुदानमा संचालित विभिन्न कार्यक्रम संचालन गरेको छ । यस प्रकारका अनुदानका कार्य विगत वर्ष पनि प्रदान गरिँदै आएको अवस्थामा सो कार्यक्रम कति प्रभावकारी भयो सो समवन्धी अनुगमन गरी बास्तविक प्रतिवेदन पेश गर्नुपर्दछ । साथै सालवसाली रुपमा अनुदान अभिलेख अद्यावधिक गरी दोहोरो अनुदान | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | बितरण हुनबाट रोक्नुपर्दछ । | |
| ७३. | **खरिद इकाईः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३७ मा सार्वजनिक निकायले अधिकार प्राप्त अधिकारी बाहेक अरु कसैले पति खर्च गर्ने आदेश दिन नमिल्ने व्यवस्था गरेको छ । नगरपालिकाले निम्नानुसारको कृषि कार्यक्रम सचालन गर्नको लागि सम्वन्धित शाखा प्रमुखले खरिद गर्ने कार्यमा आदेश दिनुको साथै सम्पूण जिन्सी दाखिला तथा हस्तान्तरण फारम समेत सम्वन्धित शाखाले नै तयार गर्ने देखियो । जसको कारण कति सामान खरिद भयो कति सामान हस्तान्तरण भयो त्यसको एकिन गर्न सकिएन । अत नियमानुसार कार्यालयबाट एकिकृत रुपमा खरिद इकाई गठन गरी खरिद प्रकृया पारदर्शि रुपमा गरिनुपर्दछ । | |

| क्र.स. | कार्यक्रमको नाम | खर्च |
|---|---|---|
| १ | भकारो सुधार कार्यक्रम | १५००००.०० |
| २ | बर्ड फ्लु रोग लगायत अन्य रोगको नियन्त्रण कार्यक्रम | ६१८००.०० |
| ३ | फलफुल विरुवा वितरण | २०००००.०० |
| ४ | आइ पि याम कृषक पाठशाला कार्यक्रम | ६५००००.०० |

| | | |
|---|---|---|
| | **सामाजिक सुरक्षा तर्फ** | |
| ७४. | **सामाजिक सुरक्षातर्फः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै नागरिकता नंबर र एउटै जन्ममिति भएका लाभग्राहीलाई २ वा सोभन्दा बढी परिचय पत्र जारी गरेको, एकै लाभग्राहीलाई २ परिचय पत्रबाट रकम भुक्तानी गरी दोहोरो खर्च लेखेको, मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा गरी सामाजिक सुरक्षा सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्दछ । | |
| | **जिल्ला समन्वय समितिको मौज्दात कोष** | |
| ७५. | **भुक्तानी दिन बाँकीः** गत वर्षको भुक्तानी दिंदा भुक्तानी दिन बाँकीको कच्चावारी संलग्न गरी भुक्तानी दिनुपर्नेमा कच्चाबारी संलग्न छैन । भुक्तानी दिन बाँकीको कच्चाबारी संलग्न नगरी भुक्तानी दिएको अनियमित देखिएको रु. | २३५०००० |

| भौ.नं.मिति | कार्यक्रम | रकम |
|---|---|---|
| ३-०७६/५/३० | वडा नं.४ को अधुरो भवन निर्माण बापत | १०००००० |
| ५-०७६/६/५ | थाकलटार खानेपानी उपभोक्ता समिति | १०५०००० |
| ७-०७६/६/२४ | कुपनटोल खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | ३००००० |
| | जम्मा | २३५०००० |

| | | |
|---|---|---|
| ७६. | **मु.अ.कर को ५० प्रतिशतः** आर्थिक विधेयक २०७६ले मुल्य अभिबृद्धि कर ऐन २०५२ मा गरेको संशोधनको व्यवस्था साथै मुल्य अभिबृद्धि कर नियमावली २०५३ मा भएको एक्काइसौं संशोधन अनुसार मुल्य अभिबृद्धि कर समेतको रकम भुक्तानी गर्दा ५० प्रतिशत मुल्य अभिबृद्धि कर वापतको रकम कार्यालयले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था छ । औषधिजन्य र एक्सरे मेसिन खरिद बापत महेश मेडिकल डिष्टिबुटर्सलाइ भौ.नं.२१-०७७/३/२९ बाट रु.२२५९३८४ भुक्तानी दिएको छ । उक्त रकम भुक्तानी दिंदा मु.अ.कर रु.२४७३४५.१५/- रहेको छ । अतः उक्त रकम पुरैको मु.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | २४७३४५.१५ |
| ७७. | **परामर्श सेवाः** सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले देहाय अनुसारका परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु.३४८४८८७।-खर्च लेखेको छ । नगरपालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुंजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत एकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।

| भौ.नं.मिति | खरिदको विवरण | परामर्शदाता | लागत | भुक्तानी |
|---|---|---|---|---|
| ५४-०७६/६/१६ | योजनाको डि पि आर निर्माण | ओन्डरल्याण्ड इन्जिनियरिङ्ग | ४९७२०० | ४९७२०० |
| ६२-०७६/६/१६ | राजश्व सुधार योजना तयारी | नेशनल इन्स्टिच्युट फर रिसर्च एण्ड इभलमपेन्ट प्रा.लि | ४००००० | ४००००० |
| | पशु प्रयोगशाला भवनको डिपिआर तयारी | खुबी इन्जिनियरिङ्ग कन्सलटेन्सी | ९०४०० | ९०४०० |
| | डिपिआर तयारी | | ९०४०० | ९०४०० |
| | वडा नं.११ को भवनको डिपिआर तयारी | इसान इन्जिनियरिङ्ग प्रा.लि | ४९७२०० | ४९७२०० |
| ३२२-०७६/१२/२ | वडा नं.८ को भवन डिपिआर तयारी | आवर क्रियटिभ नेपाल प्रा.लि | ४९८३३० | ४९८३३० |
| | स्पोर्ट भिलेजको डिपिआर तयारी | सिनर्जि इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि | ४९१५५० | ४९१५५० |
| ५२०-०७७/३/३१ | बृहस्पती पोखरीको डिपिआर तयारी | मौलाकालि कन्स्ट्रक्सन ई.प्रा.लि | ४९८०० | ४९८०० |
| | रणनैतिक योजना निर्माण | अन्नपुर्ण कन्सलटेन्सी प्रा.लि | ३७२००० | ३७२००० |
| १४०-०७६/८/१९ | **Integrated community development plan** | थर्डपोल इन्जिनियरिङ कन्सल्टेन्सी | ४९८००७ | ४९८००७ |
| | | जम्मा | ३४८४८८७ | ३४८४८८७ |

७८. **कन्टिन्जेन्सी खर्च:** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित अनुसूची–१ मा निर्माण कार्यको लागतमा २ प्रतिशत वर्क चार्ज स्टाफ खर्च र २ प्रतिशत सानातिना अन्य खर्च समेत कन्टिन्जेन्सी स्वरुप ४ प्रतिशत समावेश गर्न सकिने व्यवस्था छ । पालिकाले योवर्षको योजनाहरुको लागत अनुमान स्वीकृत हुदा नै कन्टिन्जेन्सीको लागि ३ प्रतिशत र मर्मत सम्भार कोष ५ प्रतिशत भनी रकम छुट्याई जम्मा रु.२५७८२७९/- खर्च लेखेको देखियो । यसरी खर्च लेखेको कन्टिन्जेन्सी छुट्टै खातामा जम्मा गरेको देखिन्छ । लागत अनुमानमा समावेश गरी सोझै खर्च लेख्न मिल्ने कानूनी व्यवस्था नभएकोले आर्थिक विवरणको खर्च यथार्थ नहुनाको साथै नियमसंगत देखिएन ।

७९. **आन्तरिक लेखापरीक्षण** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७.२ मा स्थानीय तहले आफ्नो आय व्ययको आन्तरिक लेखा परीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ । साथै उक्त नियमको दफा ७७.३ मा आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्वन्धित अधिकारीले अन्तिम लेखारीक्षण हुनु अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले आन्तरिक लेखापरीक्षणका दौरान उठान गरेको कैफियतलाई अन्तिम लेखापरीक्षण गर्ने समयसम्म पनि कुनै काम कारबाही गरेको पाइएन । अत नियमानुसार उक्त कार्यमा सुधार गर्नुपर्दछ । आन्तरिक लेखापरीक्षणका क्रममा उठान भएका कैफियत निम्नानुसार रहेका छन् । ९२८५५८.००

| ब.उ.शि.नं. | विवरण | रकम | गो भौ नं. र मिति |
|---|---|---|---|
| नगरपालिका चालु | बडा नं २ मा गत आ.व.को रसिद प्रयोग गरी बाटो मर्मत उपभोक्ता समिति मार्फत भुक्तान गरी अनियमित भएको रु. | १५०००.०० | १०/२०७६.७.५ |
| पूँजिगत न.पा. | एउटै निकायका मात्र पदाधिकारी मात्र बसि बसेको बैठकको भत्ता वापत भुक्तान भएको रकम | १७८५००.०० | ५५/२०७७.३.२५ |
| विस असि का योजनाहरु | एव्सोल्यूट कम्पुटर एण्ड मोवाइल हाउस बाट खरिद भएका २ थान स्यामसुङ्ग ट्यावलेट जिन्सी दाखिला नभएको | ५०२८५.०० | ३३/२०७६.१२.६ |
| विस असि का योजनाहरु | कर्मचारीलाई बुझाउन बाँकी रकम श्री कृष्ण न्यौपाने | ४२५०.०० | २२/२०७६.६.१३ |
| संघिय हस्तान्तरित पूँजिगत | बाघिराङ दोभातन झोलुल्गो पुल र थामटार झोलुङ्गे पुल मा काम गर्ने २० जनाको विमा वापत रकम राष्ट्रिय विमा कम्पनी लिमिटेड लाई भुक्तानी गरेको आधार पेश नभएको | १२८११.०० | ५/२०७६.९.२४ |
| संघिय हस्तान्तरित पूँजिगत | विभिन्न बैठक भत्ता वापत कार्यालयका पदाधिकारिमात्र रहेको मिटिङ्ग बापतको रकम भुक्तानी | २३१२७०.०० | २२/२०७७.२.२७ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| नगरपालिका चालु | विद्युत महसुल वापत जरिवाना | १३४२ | २३/२०७६.६.३० |
| नगरपालिका चालु | विद्युत महसुल भुक्तीनीमा वडा नं ६ कार्यालयले जरिवाना तिरेको | १०० | ४५/२०७६.६.१५ |
| नगरपालिका चालु | प्रतिवेदन पेश नगरी अर्गानिक मल बनाउने तालिममा सहभागी भए वापत १३ जना कृषकलाई खाता यातायत र बसोबास समेत गरी खर्च गरेको रकम | ४२०००.०० | १३७/२०७६.८.१६ |
| न.पा. चालु पशु | निशुल्क बंगुर पाठा पाठी वितरण कार्यक्रका लागि विदोद कुमार कर्णले रु.१९००००.०० पेश्की लिइ कार्यक्रम नगरी ढिला रु..२००००० दाखिला गरेको | ० | ० |
| न पा चालु कृषि | प्रशिक्षक शैलेन्द्र भण्डारीले प्रशिक्षण गरेको विभिन्न कार्यक्रममा प्रशिक्षण गराएको नोट र कार्यक्रम सेड्युल वेगर भुक्तानी भएको रु. | ३५१५००.०० | |
| न पा चालु कृषि | पशुपति कैलासपुरी आइ पि एस पाठशालालाइ स्टेशनरी वितरणको भरपाइ संलग्न नगरि वितरण गरेको खर्च | १५०००.०० | १९ |
| न पा चालु कृषि | प्रशिक्षक धर्मराज कडेलले कक्षा लिए वापत विभिन्न पाठशालाबाट प्रशिक्षक भत्ता बुझेको मा पठाएको नोट पेश नभएको रु. | २५५००.०० | |
| न पा चालु कृषि | अनुगमन भत्ता वापत विभिन्न वडा ब्यक्तिले रु १००० का दरले रकम बुझेको आधार पेश हुनुपर्ने | ० | |
| न पा चालु कृषि | एउटै व्यक्ती कृषक पाठशालाको श्रोत व्यक्ती र अनुगमन गर् वापत भत्ता श्री शैलेन्द्र भणडारीले राइ दनुवार उत्थान समाजले गरेको कार्यक्रमा बुझिलिएको दोहोरो भत्त वापत रु. | १०००.०० | |
| स्वास्थ्य | स्वास्थ्य शाखामा कार्यरत कर्मचारीले प्राप्त गर्ने संचार खर्चको कार्यविधी तयार गरी खर्च लेख्नुपर्ने देखिन्छ । | ० | |
| **जम्मा** | | **९२८५५८.००** | |

८०. **पेश्की बाँकीः** आर्थिक कार्यविधि नियमावली,२०७६ को नियम ७३(३) मा आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले दिएको विवरण अनुसार आ.व. को अन्त्यमा रु. २४९१८८२.०० पेश्की देखिन्छ । बाँकी पेश्की नियम अनुसार असुल फछ्यौट गर्नुपर्ने रु. — २४९१८८२

| सि न | ब.शि.नं. | विवरण | पाउने | बाकी पेश्की |
|---|---|---|---|---|
| १ | नगरपालिका चालु | कार्यक्रम खर्च एल. सी बापत | अग्नी इन्टरर्पोट प्रा.लि | ९३३८८२ |
| २ | संघिय सरकार हस्तान्तरित चालु | विद्यार्थी सिकाई प्रबर्द्धन | लक्ष्मी लामिछाने | ३००००० |
| ३ | नगरपालिका शिक्षा | शैक्षिक कार्यशाला योजना | लक्ष्मी लामिछाने | २००००० |
| ४ | गत आ.ब मो मौज्दात कार्यक्रम | भवन निर्माण | श्री खण्डपुर निर्माण सेवा | ३१०००० |
| ५ | | | अर्थ डिजाइनर्स एण्ड डेभलपर्स | ३९८००० |
| ६ | नखुलेको | नखुलेको | नखुलेको | ३५०००० |
| | | | जम्मा | २४९१८८२ |

८१. **बेरुजु तथा सम्परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२)(घ) बमोजिम वेरुजू फछ्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था गरेको छ ।नगरपालिकाले बेरुजूको अद्यावधिक स्थिति सम्बन्धी विवरण उपलब्ध गराएको छैन । बेरुजुको विवरण अद्यावधिक गरी नियमानुसार बेरुजु फछ्यौट गर्नुपर्नेमा सम्परीक्षणको लागि अनुरोध गरेको छैन ।

८२. **अनुगमनः** गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, , अग्रिम कर, बढी भुक्तानी, कर वीजक लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

## पालिकाको संचितकोषको विवरण

### २०७६।०७७

प्रदेश: बागमती

(रु हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय: संघ तथा प्रदेश अनुदान | आय: राजस्व वाडफाड | आय: आन्तरीक आय | आय: अन्य आय | जम्मा आय | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ६ (२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११ (१+६- |
| १. | राप्ती | चितवन | १८९४०४ | ५३३२१४ | १३३५८० | ८९७९९ | ३७६७४ | ७९४२६७ | ३८४९७६ | ३१३५२२ | ३५०९४ | ७३३५९२ | २५ |



## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

### २०७६।७७

(रु हजारमा)

| सि.नं. | जिल्ला | स्थानिय तहको नाम | प्रारम्भिक बेरुजू: दफा संख्या: सैदान्तिक | प्रारम्भिक बेरुजू: दफा संख्या: लगति | प्रारम्भिक बेरुजू: रकम | प्रतिक्रियाबाट फछ्यौट: दफा संख्या: सैदान्तिक | प्रतिक्रियाबाट फछ्यौट: दफा संख्या: लगती | प्रतिक्रियाबाट फछ्यौट: रकम | वाङकी बेरुजू: दफा संख्या: सैदान्तिक | वाङकी बेरुजू: दफा संख्या: लगती | वाङकी बेरुजू: रकम | वाङकी बेरुजू: अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने: अनियमित भएको | नियमित गर्नुपर्ने: प्रमाण कागजात पेश नभएको | नियमित गर्नुपर्ने: राजस्व लगत जिम्मेवारी नसारेको | नियमित गर्नुपर्ने: सोधभर्ना नलिएको | नियमित गर्नुपर्ने: जम्मा | पेश्की: कर्मचारी | पेश्की: अन्य | पेश्की: जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | चितवन | राप्ती | ८४ | २५ | २५२६८ | ० | ९ | ११२८३ | ८४ | २० | १३९८५ | ४८५ | ३३४४ | ७६६४ | ० | ० | ११००७ | ५०० | १९९२ | २४ |



## बेरुजुको अध्यावधिक अवस्था

### २०७६।०७७

(रु हजारमा)

| क स | स्थानिय तह | जिल्ला | गत बर्ष सम्मको बाँकी | समायोजन | सं प को अनुरोध भएको रकम | सम्परीक्षण भएको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षको बाँकी | यो बर्षको थप | ५८ औ प्रतिवेदन सम्मको बाँकी | ५८ औ प्रतिवेदन सम्मक बाँकी मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | राप्ती | चितवन | ९०४६१ | ० | ० | ० | ० | ९०४६१ | १३९८५ | १०४४४५ | १९७२ |